का. जि. का. दर्ता नं : १०४/०५७/०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८/०६७/०६८

# अपाङ्ग आवाज
# DISABILITY VOICE

वर्ष १५, अङ्क ८, पूर्णाङ्क १८०, २०७३ मंसिर

सल्लाहकार
तारा वदन सेडाई
प्रकाश पन्थ

सम्पादक
सुदर्शन सुवेदी

संयोजक
जगदीशप्रसाद अधिकारी

व्यवस्थापक
शर्मिला विश्वकर्मा

पत्रकार
गणेश सुवेदी

स्थानीय प्रतिनिधि
विवेक खड्का
विष्णु शर्मा
दल बहादुर सुनार
मदन पौडेल
संगीता पौडेल

लेआउट/डिजाइन/बजार प्रतिनिधि
सुनिल वि. क.

कभर डिजाइन
Creative
Kamaladi, Kathmandu PH: 9851115202

मुद्रक
सनराइज अफसेट प्रेस
डिल्लीबजार, काठमाण्डौ

प्रकाशक
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
केन्द्रिय कार्यलय
बौद्ध ६- नयाँ बस्ती, काठमाण्डौ,
पो. ब. नं: १९४०८
फ्याक्स - ५१५५१३४, फोन: ५१५५१३४
Email: dvoice@dhrcnepal.org.np
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

## यसभित्र

अपाङ्गताको क्षेत्रमा परिलक्षितको योगदान ७

आय-आर्जनले सहज बन्यो पुस्कर चौधरीको जीवन २३

अन्तर्राष्ट्रिय भकभके जनचेतना दिवस २६

भवन शिलान्यास कार्यक्रम सम्पन्न ३५

२५औ अन्तर्राष्ट्रिय अपाङ्ग दिवस भव्यताका साथ सम्पन्न ३६

## हाम्रो जिल्लामा भएका अपाङ्गता महिलाहरुका सवलहरु पनि समावेश गरियोस्

सम्पादक ज्यू तथा अपाङ्ग आवाज पत्रिका सम्पूर्ण परिवारहरुमा मेरो तर्फबाट नमस्कार । मैले यो अपाङ्ग आवाज मासिक पत्रिकालाई प्राप्त भए सम्म नियमित रुपमा पढ्दै आएकी थिए र तर केही समय एता हाम्रो जिल्ला डडेल्धुरामा यो पत्रिका प्राप्त हुन सकेको छैन । हाम्रो जिल्लामा भएका अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुले पनि यो पत्रिका प्राप्त भए सम्म पढ्ने र यो पत्रिकाबाट विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको बारेमा, अपाङ्गता भएका व्यक्तिहरुको लागि राज्यबाट के कस्ता सेवा सुविधाहरु रहेको छ र ती सेवा सुविधा लिनको लागि कहा र कसरी सम्पर्क गर्ने भन्ने कुराहरुको जानकारी लिने गर्नु हुन्छ । केही समय देखि यो पत्रिका हाम्रो जिल्लाहरुमा समयमा नै उपलब्ध नभएको कारण ती विगतको तुलनामा अपाङ्ग आवाज मार्फत हाम्रो जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरु र अपाङ्गताको क्षेत्रमा काम गर्ने व्यक्तिहरु यो पत्रिका पढ्नबाट बञ्चित हुनु भएको छ । हामी पनि बञ्चित भएका छौ । अवका दिनमा यो अपाङ्ग अवाज पत्रिकालाई हाम्रो जिल्लामा भएका अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुलाई र विभिन्न विद्यालयहरुमा पनि पठाइदिएमा अपाङ्गता भएका व्यक्तिहरुलाई पनि हौसला बढ्ने थियो र चेतना पनि हुने थियो । हाम्रा जिल्लामा भएका अपाङ्गता भएक महिलाहरुका समस्याहरुको बरेमा पनि यो पत्रिकामा समावेश गरेर सबै जिल्लाहरुमा यो पत्रिका पठाइदिएमा अझ राम्रे हुने थियो ।

*कलावति रावत, डडेल्धुरा*




## यो पत्रिकामा खेलकुदको विषयलाई पनि समावेश गर्नु होला

अपाङ्ग आवाज परिवारमा मेरो नमस्कार । म अपाङ्ग आवाज मासिक पत्रिकाको नियमति पाठक हुँ । मलाई यो पत्रिकामा समावेश गरिएका अपाङ्गता सम्बन्धीका सबै सामाग्रीहरु ज्यादै राम्रा लाग्छन् र उपलब्ध भइ सम्म मैले यो पत्रिका नियमित रुपमा अध्ययन गर्ने गरेको छु । अहिले सम्म यो पत्रिकामा समावेश गरिएका सामाग्रीहरु त सबै राम्रा नै छन् तर पनि केही समय एता अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको विषय बस्तुहरुलाई समावेश गरेको पाइएको छैन । त्यसैले यो अपाङ्ग आवाज मासिक पत्रिकामा सबै प्रकारका अपङ्गता भएका व्यक्तिहरुले खेल्ने खेलको बारेमा, अपाङ्गता भएका व्यक्तिहरुलाई खेलकुदको क्षेत्रमा के कस्ता समस्याहरु रहेका छन् ?, अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको लागि के कस्ता नीति नियमहरु रहेका छन् भन्ने कुराहरुको जानकारी सहित यो अपाङ्ग आवाज मासिक पत्रिकामा सामाग्रीहरु समावेश गरिदिनु हुन अनरोध गर्दछु । साथै यो पत्रिकालाई नेपालका सबै निकायहरु सम्म पुर्‍याउने प्रयास पनि गर्नु होला । यो पत्रिकाले हामी अपाङ्गता भएका व्यक्तिहरुका विभिन्न सवालहरुलाई आवाज बनेर सम्बन्धीत निकाय सम्म पुर्‍याउन र अपाङ्गता भएका व्यक्तिहरुको बारेमा जनचेतना फैलउनको लागि मद्यत गर्ने छ । साथै यो पत्रिकाको उत्तर उत्तर प्रगतीको शुभकामना पनि व्यक्त गर्दछु ।

*विवेक कार्की, पाल्पा*

## शुभकामना सन्देश

नेपाल सरकार

# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

### शुभकामना

**"हांसिल गरौ दिगो विकासका १७ लक्ष्य, सुनिश्चित गरौ हामीले चाहेको भविष्य"** भन्ने मूल नाराका साथ आज नेपालमा मनाउन लागिएको अपाङ्गता भएका व्यक्तीहरुको २५ औं अन्तर्राष्ट्रिय दिवसका अवसरमा अपाङ्गता भएका व्यक्ति, यस क्षेत्रमा क्रियाशील संघ संस्था तथा सबै नेपाली दाजुभाइ एवं दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि तथा यसको इच्छाधीन आलेख, २००६ लाई नेपाल सरकारले सन् २००८ मा हस्ताक्षर गरी सन् २००९ मा अनुमोदन गरिसकेको हुँदा यस महासन्धिलाई कार्यान्वयन गर्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय निरन्तर लागि परेको छ । यसकालागि अपाङ्गता भएका व्यक्तिहरुलाई कल्याणकारी दृष्टिबाट हेर्ने नीतिमा परिवर्तन गरी अधिकारवादी दृष्टिकोण अनुरुप अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ लाई नेपालको संविधान संयुक्त राष्ट्रसंघिय महासन्धी नेपाल सरकारका अन्तर्राष्ट्रिय प्रतिबद्धता समेटी अपांगता भएका व्यक्तिको अधिकार विधेयक २०७२ व्यवस्थापिका संसदमा दर्ता गरिएको छ । यसका साथसाथै अपाङ्गतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ लाई पुनरावलोकन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ| अपाङ्गता भएका व्यक्तिहरुका हक अधिकारको लागि नीतिगत तथा कार्यक्रम तहमा कार्यक्रमहरु संचालन भइरहेका छन्| ७५ जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन रहेको छ भने अपाङ्गता भएका व्यक्तिहरुको सही पहिचान गरी सेवा सुविधामा एकरुपता ल्याउन ७५ वटै जिल्लाबाट परिचय पत्र वितरणको व्यवस्था मिलाईएको छ | अपाङ्गता भएका व्यक्तिहरुका लागि आवासीय पुनर्स्थापना केन्द्र सञ्चालन तथा व्यवस्थापनको कार्य शुरुवात गरिएको छ । अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने सहायक सामग्रीको स्वदेशमै उत्पादन गर्ने कार्यलाई प्रवर्द्धन गर्न र सहायक सामग्रीहरुको वितरणमा एकरुपता ल्याउन एवं सहज रुपमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँचलाई सुनिश्चित गर्न सहायक सामग्री उत्पादन र वितरण गर्ने कार्य प्रारम्भ भई सकेको छ । अपाङ्गता भएका व्यक्तिहरुका लागि अवरोधमुक्त वातावरण उपलब्ध गराउने उद्देश्यले विश्वस्तरीय मापदण्डअनुरुप अपाङ्गता भएका व्यक्तिकालागि पहुँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९ समेत कार्यान्वयनमा रहेको व्यहोरा जानकारी गराउन पाउँदा खुशी लागेको छ ।

अपाङ्गता भएका व्यक्तिहरुलाई आम नागरिक सरह सम्मानपूर्ण जीवनयापनकालागि अधिकारमुखी दृष्टिकोणबाट नीतिगत एवं कानूनी व्यवस्थाद्वारा सेवा, सुविधा र संरक्षणको सुनिश्चितताका निम्ति सरकार प्रयत्नशील छ । राष्ट्रिय जीवनका सबै पक्षमा अपाङ्गता भएका व्यक्तिहरुको समावेशी समानुपातिक सहभागिताको समेत सुनिश्चितता प्रदान गर्न सरकारलाई सबैको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास व्यक्तगर्दै २५औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा यस क्षेत्रमा क्रियाशील व्यक्ति, संघ संस्थाहरुले पुर्याउँदै आएको योगदानको हार्दिक सह्राना गर्दै अपाङ्गता भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

(विष्णुप्रसाद लम्साल)
सचिव
१८ मंसिर, २०७३

शुभकामना सन्देश

प्रधानमन्त्री

काठमाडौं, नेपाल

## शुभकामना सन्देश

बिगतका वर्षमा जस्तै मंसिर १८ गते डिसम्वर ३ तारिखका दिन अपाङ्गता भएका व्यक्तिहरुका अधिकारप्रति सम्मान गर्दै यसतर्फ सबैको ध्यान आकृष्ट गर्न विविध कार्यक्रमहरुको आयोजना गरी २५औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवस मनाईदैछ । "हाँसिल गरौं दीगो विकासका १७ लक्ष्य, सुनिश्चित गरौं हामीले चाहेको भविष्य" भन्ने मूल नाराका साथ मनाउन लागिएको यस दिवसको उपलक्ष्यमा सर्वप्रथम अपाङ्गता भएका दिदीबहिनी तथा दाजुभाइ एवं यस क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्था, सरोकारवाला तथा अपाङ्गता भएका व्यक्तिहरुप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सरकारले अपाङ्गता भएका व्यक्तिलाई अधिकारमुखी अवधारणाबाट हेर्नुपर्दछ भन्ने मान्यता राखेको छ । नेपालको संविधानले पनि अपाङ्गता भएका व्यक्तिका आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकारलाई सम्मानजनक ढंगबाट सम्बोधन गरेको छ । नेपालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी एवं यसको इच्छाधीन आलेखसमेत अनुमोदन गरेको छ । उक्त महासन्धिका आधारमा अपाङ्गतासम्बन्धी कानुनलाई घरेलुकरण गर्ने क्रममा तयार भएको अपाङ्गता भएको व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन, २०७२ व्यवस्थापिका संसदमा छलफलको क्रममा रहेको छ । अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ लाई परिमार्जन गरि तयार भएको मस्यौदा लगायतका अपाङ्गताका सवालका विषयहरुलाई छिटोभन्दा छिटो पारित गर्ने कुरामा नेपाल सरकार प्रतिबद्ध रहेको छ । अपाङ्गता भएका व्यक्तिहरुलाई अवरोधमुक्त वातावरण उपलब्ध गराउन पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ जारी भई कार्यान्वयनमा समेत आएको र यसको पूर्ण कार्यान्वयनमा सहयोग पुऱ्याउनु हामी सबैको साझा कर्तव्य हो ।

अपाङ्गता भएका बहुसंख्यक नेपाली दिदीबहिनी तथा दाजुभाइ गरिबीको अवस्थामा जीवनयापन गरिरहेको तथ्यलाई मनन गर्दै अपाङ्गतासम्बन्धी विषयलाई समावेशी र दीगो विकासको मूल रणनीतिको रुपमा मूलप्रवाहिकरण गर्न सरकार प्रयत्नरत छ । अपाङ्गता भएका व्यक्तिहरुलाई मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको पूर्ण उपभोग गर्न सक्षम तुल्याउन उनीहरुलाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक अधिकार समेतका क्षेत्रमा सशक्तीकरण गर्दै खेलकुदहरुमा समेत सहज पहुँच पुऱ्याउन उपयुक्त वातावरण तयार हुँदै गईरहेको छ । सीमित श्रोत र साधनको अधिकतम् परिचालनबाट अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानपूर्ण जीवनयापन गर्ने गरी समाजमा स्थापित गराउन नेपाल सरकार प्रयत्नरत छ । बेसाहारा, विपन्न र पूर्ण अपाङ्गता भएका व्यक्तिलाई दिईदै आएको दीर्घकालीन पुनर्स्थापना सेवा सातै प्रदेशमा विस्तार गर्ने सरकारको कार्यक्रम रहेको छ । पूर्ण अशक्त, अति र अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई क्रमशः दुई हजार र छ सयका दरले सामाजिक सुरक्षाभत्ताको प्रावधानबाट केही हदसम्म पनि जीवनमा सहजता गरेको महसुस गरेको छु ।

आजको यस दिवसले अपाङ्गता क्षेत्रमा कार्यरत सरकारी तथा गैससरकारी संस्थाहरुलाई अपाङ्गता क्षेत्रमा एकीकृत रुपमा समवेशी कार्यक्रमका माध्यमबाट उनीहरुलाई सशक्तीकरण गर्न प्रेरणा मिलोस् भन्ने कामना गर्दछु ।

मंसिर, २०७३

पुष्पकमल दाहाल 'प्रचण्ड'

राष्ट्रपति भवन, महाराजगञ्ज
काठमाडौं ।

राष्ट्रपति

# २५औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले दिनुभएको शुभकामना सन्देश।

"हासिल गरौं दिगो विकासका १७ लक्ष्य: सुनिश्चित गरौं हामीले चाहेको भविष्य "(Achieving 17 goals for the future we want ) भन्ने मूल नाराका साथ विश्वव्यापी रुपमा मनाउन लागिएको २५ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा अपाङ्गता भएका दिदीबहिनी तथा दाजुभाइ एवं यस क्षेत्रको मानवीय भवनासाथ संलग्न व्यक्तिहरु, निकाय तथा अपाङ्गता भएका व्यक्तिका अभिभावक सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

अपाङ्गता भएका व्यक्तिहरुलाई दया र मायाको दृष्टिले होइन अधिकारमूखी दृष्टिकोणवाट विकासको मुलप्रवाहमा समाहित गर्दै आत्मनिर्भर तुल्याउने नीति नेपाल सरकारले आत्मसात गरेको छ । यसैगरी अपाङ्गता भएका व्यक्तिहरुलाई सम्मानित, स्वाभिमानपूर्वक जीवनयापन गर्न सक्ने बातावरण निर्माण गर्न अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयन गर्दै अपाङ्गतासम्बन्धी कानूनहरुलाई घरेलुकरण गर्ने कार्य भईरहेको छ । त्यस्तै साधन, श्रोत र सेवामा उनीहरुको सरल र सहज पहुँच बढाउन क्षमता अभिवृद्धि गरी रोजगारीका अवसर प्रदान गर्न तथा शिक्षा, स्वास्थ्यलगायतका सेवा स्थानीय तहबाट प्रदान गरी समाजमा नै पुनस्थापित गर्ने उदेश्यले समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम नेपाल सरकारले विगत वर्षहरुदेखि मुलुकभर कार्यान्वयन गर्दै आएको छ।

शिक्षा, स्वास्थ्य, जीविकोपार्जन खेलकूद, मनोरञ्जन तथा सामाजिक समावेशीकरणका माध्यमवाट अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरणमा अभिवृद्धि गर्दै उनीहरुलाई परिवार एवं समुदायमा नै पुनर्स्थापित गरी आधारभूत मानव अधिकारको उपभोग गर्न सक्षम तुल्याउनु हामी सबैको साझा कर्तव्य हो ।

आजको यस दिवसले अपाङ्गता भएका व्यक्तिहरु, यस क्षेत्रमा क्रियाशील सङ्घ, संस्थाहरु एवं अपाङ्गता भएका व्यक्तिका अभिभावक समूह, नागरिक समाज र विकासका साझेदार लगायत यसमा आबद्ध सम्पूर्ण पक्षलाई थप उर्जा र प्रेरणा प्रदान गर्ने छ भन्ने विश्वाससहित सम्बन्धित सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

२०७३ साल मंसिर १८ गते शनिबार ।

# २५ औ अन्तर्राष्ट्रिय अपाङ्गता दिवस विभिन्न कार्यक्रम सहित सम्पन्न

हा*सिल गरौं दिगो विकासको १७ लक्ष्य, सुनिश्चित गरौं हामीले चाहेको भविष्य"* भन्ने मूल नाराका साथ यही डिसेम्बर ३ तारिख अर्थात् यही मंसिर १८ गतेका दिन विभिन्न कार्यक्रमहरूका साथ २५ औ अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवस विभिन्न कार्यक्रमहरूको आयोजना गरेर सम्पन्न भयो । २५ औ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री पुष्पकमल दाहालले शुभकामना सन्देश पठाउनु भएको थियो । २५ औ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा नेपाल सरकारका विभिन्न निकायहरू, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत काठमाण्डौमा रहेका अपाङ्गता सम्बन्धी काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, अपाङ्गता भएका व्यक्तिहरू, अभिभावक तथा सरोकारवाला निकायहरूले अपाङ्गताका सवाल लिखित प्लेकार्ड तथा ब्यानर सहित भृकुटीमण्डपको प्रदर्शनीमार्गबाट निकालिएको र्‍याली पद्मोदय मोड, पुतली सडक, मोडेल अस्पताल हुँदै पुनः भृकुटीमण्डपमा आएर समुद्घाटन समारोहमा परिणत भएको थियो। सन् १९८२ को डिसेम्बर ३ तारिखमा संयुक्त राष्ट्रसंघले अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी विश्व व्यापी योजना बनाएको दिनलाई स्मरण गर्दै सन् १९८२ डिसेम्बर ३ तारिख देखि नै विश्व भरी अन्तर्राष्ट्रिय अपाङ्ग दिवस मनाउने प्रचलनको सुरुवात भएको हो । नेपालमा भने सन् १९९२ डिसेम्बर ३ तारिख देखि यो दिवस मनाउन थालिएको हो । हरेक वर्ष अन्तर्राष्ट्रिय दिवस मनाइ रहँदा समाजका केही सकारात्मक परिवर्तन आएता पनि राज्यले अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, रोजगारी तथा भौतिक संरचना अपाङ्गता मैत्री बनाउने लगायत अन्य सवालहरूमा त्यति ध्यान सकेको पाइँदैन। नेपालको संविधान २०७२ मा अपाङ्गता भएका व्यक्तिहरूको प्रयासबाट केही सवालहरू समावेश भएका छन् । उनीहरूको राजनीतिक, आर्थिक, सामाजिक अधिकार, साङ्केतिक भाषा तथा ब्रेल लिपी लगायतका अधिकारहरू समावेश भएका छन् । यो अपाङ्गता जगतको सफलता हो। त्यसै गरी सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको साझा प्रयासले गर्दा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐनलाई व्यवस्थापिका संसदमा दर्ता गराउन पनि सफल भएका छौं । यस्ता कार्यहरू हुनु अपाङ्गता दिवस मनाई रहँदाको सकारात्मक परिवर्तन हो । अबका दिनमा पनि अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य रोजगारी तथा नीति निर्माण तहमा पहुँच पुर्‍याउनको लागि सबै मिलेर अगाडि बढ्न जरुरी छ। तब मात्र यो अन्तर्राष्ट्रिय अपाङ्गता दिवसले सार्थकता पाउने छ।

# अपाङ्गताको क्षेत्रमा परिलक्षितको योगदान

वि. सं. २०५८ सालमा काठमाण्डौमा स्थापना भएको परिलक्षित संस्थाले स्थापनाकाल देखि आर्थिक अवस्था कमजोर भएका सिमान्तकृत तथा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्दै आएको छ । यो संस्थाले स्थापनाको सुरुवातमा ११ जना विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराएर कामको सुरुवात गरेको थियो । परिलक्षित संस्थाले स्थापनाकाल देखि नै काठमाण्डौमा रहेर अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा उपलब्ध गराउँदै आएको थियो भने अहिले पनि विगत केही वर्ष देखि ललितपुर जिल्लाको कुपण्डोलमा रहेको नबिल बैङ्कको विपरीत दिशातर्फ मुख्य सडक देखि करिब दुई सय मिटर पर सेतो रङ्गको ३ तलाको घरमा रहेर उपत्यका भित्र लगायत देशका विभिन्न जिल्लाहरूमा रहेका शारीरिक, दृष्टिविहिन, बहिरा अपाङ्गता भएका व्यक्तिहरूको शिक्षालाई निरन्तरता दिनको लागि छात्रवृत्ति उपलब्ध गराउने, विभिन्न सीपहरू उपलब्ध गराउँदै आएको छ । यो संस्थाले पहिला काठमाण्डौमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको लागि मुढा बनाउने, झोल साबुन, मैनबत्ती, सौन्दर्यको तालिम, रेडियो उद्घोषण तालिम लगायतका



परिलक्षित संस्था काठमाण्डौमा तबला सिक्दै दृष्टिविहिन भएका व्यक्ति झरेन्द्र राई र किशोर लिम्बु । तस्विर : शर्मिला विश्वकर्मा



## निःशुल्क तालिम सिक्ने अवसर दिएकोमा संस्थालाई धन्यवाद

*- कौशिला सुब्बा, पूर्ण दृष्टिविहिन, झापा हाल पाटन*

म जन्मजात नै पूर्ण दृष्टिविहिन हुँ । मैले परिलक्षित संस्थामा संगीत सिकेकी छु । संगीतमा पनि विशेष गरी हार्मोनियम सिकेकी हुँ । यहाँ हामी जस्ता अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क कम्प्युटर, संगीत तथा अन्य व्यवसायिक तालिमहरू पनि सिकाउने गरिन्छ । मैले यो परिलक्षित संस्थाबाट सिकेको सीपलाई आगामी दिनमा अन्य म जस्ता अपाङ्गता भएका व्यक्तिहरूलाई पनि सिकाउने छु । यो संस्थाले म जस्ता धेरै अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क रूपमा सीप सिकाउनुको साथै उनीहरूको शिक्षालाई अगाडि बढाउनको लागि पनि छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । त्यसैले म यो संस्थालाई हृदय देखि नै धेरै धेरै धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि सहयोगको अपेक्षा राख्दछु ।

सीपमूलक तालिमका कार्यक्रम सञ्चालन गर्दै आएको थियो । विगत केही वर्ष देखि काठमाण्डौमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको लागि बेद, बाँसका सामाग्री बनाउने, मैनबत्ती, धूप, झोल साबुन बनाउने, लगायतका कार्यक्रमहरूलाई उपत्यका भन्दा बाहिरका जिल्लामा सञ्चालन गर्न थाल्यो । साथै अपाङ्गता भएका विद्यार्थीहरूका लागि लोक सेवाको तयारी कक्षा निःशुल्क रूपमा उपलब्ध गराउँदै आइरहेको छ । हाल परिलक्षितले शारीरिक, दृष्टिविहिन, बहिरा अपाङ्गता भएका व्यक्तिहरूको शिक्षालाई निरन्तरता दिनको लागि विद्यालय स्तर देखि स्नातकोत्तर सम्मको शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ । अहिले सम्म यो परिलक्षित संस्था



*परिलक्षित संस्था काठमाण्डौंमा कम्प्युटर सिक्दै दृष्टिविहिन व्यक्ति ।* तस्विर : शर्मिला विश्वकर्मा



## यहाँ मैले कम्प्युटर सिक्ने अवसर पाए

*- रविन वि. क.,
डोटी, हाल सानोठिमी, पूर्ण दृष्टिविहिन*

म पूर्ण दृष्टिविहिन व्यक्ति हो । म ८ वर्षको हुँदा आँखा पाकेको कारण तुरुन्तै उपचारको लागि अस्पताल नलगीकन धामी झाँक्री कहाँ लैजाँदा म पूर्ण दृष्टिविहिन बन्न पुगे । म अहिले २४ वर्षको भए । मैले यो परिलक्षित संस्थाबाट ६ महिने कम्प्युटर तालिम सिकेको छु । यहाँ कम्प्युटर तालिम सिके पछि माइक्रोसफ्ट, इमेल इन्टरनेट चलाउन सक्छु । त्यसै गरी जर्ज इन्स्टल कसरी गर्ने, नेटमा आफूलाई आवश्यक भएका कुराहरू कसरी खोज्ने, डाउनलोड कसरी गर्ने लगायतका कुराहरू सिकी सके यहाँ हामीलाई निःशुल्क रूपमा कम्प्युटर तथा संगीत सिकाइन्छ र तालिम अवधि भर हामीलाई संस्था मार्फत यातायात खर्च पनि दिनु हुन्छ । यहाँ ज्यादै राम्रो वातावरणमा हामीलाई सिकाइन्छ । परिलक्षित संस्थाले अपाङ्गता भएका व्यक्तिहरूको लागि विभिन्न सीपमूलक तालिमहरू ल्याएर हामीलाई सक्षम बनाउन जुन कार्य गदै छ त्यसको लागि म परिलक्षित संस्था र यहाँका सबै परिवारलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु र संस्थाको उज्वल भविष्यको कामना गर्न चाहन्छु ।

मार्फत १४ वटा जिल्लाका ३ सय ८६ जना अपाङ्गता भएका विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गरी आफ्नो शिक्षालाई निरन्तरता दिन सफल

## अपाङ्गता भएका व्यक्तिहरू स्वरोजगार हुन परिलक्षितले सहयोग गरेको छ



*- रामबहादुर मुखिया,
अध्यक्ष, नेपाल अपाङ्ग सेवा समिति, ललितपुर*

नेपाल अपाङ्ग सेवा समितिको स्थापना वि.स.२०५९ सालमा ललितपुरमा स्थापना भएको हो । यो संस्थाले विशेष गरी शारीरिक र दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्ने गर्दछ । यो संस्थाले बेरोजगार अपाङ्गता भएका व्यक्तिहरूलाई सीप सिकाएर स्वरोजगार हुन सहयोग गर्दछ भने शिक्षा लिने व्यक्तिहरूको लागि छात्रवृत्तिको लागि पहल गर्ने गर्दछ । वि.स.२०६६ सालमा परिलक्षितसँग साझेदारीमा काम गर्ने अवसर मिल्यो । वि.स.२०६६ सालमा हामीले अपाङ्ग सशक्तिकरण कार्यक्रम अन्तर्गत झोल साबुन बनाउने, फिनेल बनाउने, ब्रेल लिपी सिक्ने तालिम भएको थियो ४ महिना सम्म १० जना अपाङ्गता भएका व्यक्तिहरूले तालिम लिनु भएको थियो र अहिले सम्म पनि त्यो तालिमबाट ५ जना अपाङ्गता भएका व्यक्तिहरू स्वरोजगार हुनु भएको छ । वि.स.२०६९ सालमा पनि दोस्रो तालिमा झोल साबुन बनाउने, फिनेल बनाउने, चिया पत्ति प्याकिङ् र अगरबत्ती बनाउने तालिम आयोजना गरेका थियौ । यसमा ७ जना व्यक्तिहरू सहभागी हुनु हुन्थ्यो । हामीले वि.स.२०७१ ७२ र ७३ मा कृषि कार्यक्रम सञ्चालन गरेका छौं । यहाँ तालिम लिएकाहरूले आफू पनि स्वरोजगार हुनुका साथै अन्य व्यक्तिहरूलाई पनि रोजगार दिन सफल हुनु भएको छ । हामीले यो तालिमबाट म आफै पनि लाभान्वित भएको छु ।

भएका छन् । अहिले पनि परिलक्षितले काठमाण्डौ भित्र पनि आफ्नै कार्यालयमा ६ महिने कम्प्युटर तालिम, ६ महिने र ३ महिने संगीत तालिम निःशुल्क उपलब्ध गराउँदै आएको छ । त्यसै गरी उपत्यका लगायत काठमाण्डौ भन्दा बाहिर रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई कृषि सम्बन्धी तालिमहरू जस्तै बाख्रा, माहुरी, माछा पालनका तालिम दिने, तरकारी खेतीको लागि पनि तालिम दिने र व्यवसाय गर्न चाहने व्यक्तिहरूलाई बीउ पुँजी पनि वितरण गरी सहयोग गर्दै आएको छ ।

परिलक्षितले अहिले सम्म विभिन्न जिल्लामा २१ वटा साझेदारी संघ संस्थाहरूसँग मिलेर कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । यो संस्थाले काठमाण्डौ भन्दा बाहिरका धादिङ्, गोरखा, कास्की, बाँके, कैलाली र पाल्पा जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको लागि छात्रवृत्ति लगायत अपाङ्गता सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गरिएको छ । आफूले कार्यक्रम सञ्चालन गरेका विभिन्न



## छात्रवृत्ति र सशक्तिकरणका कार्यक्रम सञ्चालन गरेका छौं

*- विजय कुमार मानन्धर, निवर्तमान अध्यक्ष, परिलक्षित*

गरिब, निमुखा, सिमान्तकृत तथा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा गर्ने उदेश्यले वि.स.२०५८ सालमा मंसिर ८ गते काठमाण्डौमा परिलक्षित संस्थाको स्थापना भएको हो । यो संस्थाले सुरुवातमा ११ जना विद्यार्थीहरूलाई छात्रवृत्ति दिएर कामको सुरुवात गरेको हो । फेल्म भन्ने संस्थाले छात्रवृत्तिको लागि परिलक्षितलाई सहयोग गरेको छ । छात्रवृत्ति मात्र नभएर अपाङ्गता सशक्तिकरण कार्यक्रम पनि हामीले सञ्चालन गरेका छौं । केही समय अघि सीप मूलक तालिम अन्तर्गत झोल साबुन, अगरबत्ती बनाउने, बेद बाँस बनाउने, मोबाइल, फोनहरू मर्मत गर्ने तालिम दिएका थियौ । अहिले कृषि सम्बन्धित तालिमहरू, बाख्रा पालन, माहुरी पालन, माछा पालन पनि सिकाउने र व्यवसाय गर्नको लागि आर्थिक सहायता पनि गर्ने गरेका छौं । परिलक्षितबाट विभिन्न जिल्लामा गरेर ३ सय ८६ जना अपाङ्गता भएका व्यक्तिहरूले छात्रवृत्ति पाउनु भएको छ । ९ वटा जिल्लामा हामीले सीप मूलक कार्यक्रमहरू गरि रहेका छौं । फेल्म नेपालले पनि हामीलाई छात्रवृत्ति उपलब्ध गराउन तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्नको लागि सहयोग गरिदिनु भएकोमा म फेल्म नेपाललाई धन्यवाद दिन चाहन्छु । हामीलाई सरकारी निकाय तथा गैर सरकारी संघ संस्थाहरू र विशेष गरी साझेदार संस्थाहरूले पनि साथ र सहयोग रहेको छ । अझै यो संस्थालाई अगाडी बढाउन सहयोग मिलोस् भन्न चाहन्छु ।

## संगीत प्रशिक्षकको रूपमा काम गर्ने अवसर पाएको छ



***- सागर विष्ट, संगीत प्रशिक्षक, (अक्टोप्याड बाजा)***

म जन्मजात नै न्यून दृष्टियुक्त व्यक्ति हुँ । मैले यो संस्थामा ३ वर्ष सम्म निःशुल्क संगीत सिकेको हुँ । हाल म यो परिलक्षित संस्थामा संगीत अन्तर्गत अक्टोप्याड भन्ने बाजा सिकाउने गर्दछु । यहाँ अधिकांश दृष्टिविहिन व्यक्तिहरू संगीत सिक्न आउनु हुन्छ । म उहाँहरूलाई संगीत सिकाउँछु । अहिले मैले यो संस्थामा नै सिकेको सीपको उपयोग गर्दै छु । संगीत सिक्नको लागि आवश्यक हुने सामाग्रीहरू यहाँ नै उपलब्ध छन् । अक्टोप्याड बाजाको लागि ६ महिने तालिम हुन्छ र यहाँ निःशुल्क रूपमा सिकाइन्छ । यो अक्टोप्याड भनेको अन्तर्राष्ट्रिय बाजा हो । यसमा मादलको धुन, ड्रम, तबलाको धुन आउने गर्दछ । अहिले दृष्टिविहिन व्यक्तिहरूले दोहरी साँझमा यो बाजाको प्रयोग गर्नु हुन्छ । साथै मैले पनि आफूले सिकेको सीपलाई उपयोग गर्दै दोहोरी साँझमा काम पनि गर्दछु । यो संस्थालाई म धेरै धेरै धन्यवाद दिन चाहन्छु जसले मलाई यहाँ नै तालिम सिक्ने अवसर दिनुको साथै आज यहाँ नै मलाई रोजगार पनि दिनु भएको छ ।

जिल्लाहरूमा २० वटा स्वयम् कार्यगत समूह निर्माण गरी अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको लागि सशक्तिकरण कार्यक्रम, वकालत कार्यक्रम, संस्थागत विकासको लागि

## यहाँ काम गर्न पाउँदा ज्यादै खुसी लागेको छ



***- सन्तोष तिमल्सिना, ललितपुर, कम्प्युटर शिक्षक, पूर्ण दृष्टिविहिन***

म पूर्ण दृष्टिविहिन व्यक्ति हुँ र यो समस्या मेरो जन्मजात नै हो । मैले यो परिलक्षित संस्थामा ३ महिना सम्म दृष्टिविहिन व्यक्तिहरूलाई कम्प्युटर सिकाउने गर्दछु । कम्प्युटरको स्क्रिन रिडर सफ्टवेयरको माध्यमबाट कम्प्युटर चलाउन सिकाउँछु । दृष्टिविहिन व्यक्तिहरूलाई जज वा स्क्रिन रिडिङ्ग सफ्टवेयरको सहयोगमा कम्प्युटर सिकाउने गरिन्छ । यहाँ माइक्रोसफ्ट अफिसका सम्पूर्ण कुराहरू र एक्सेल, इमेल, इन्टरनेट यूट्युवका कुराहरू पनि सिकाइन्छ । मैले यो परिलक्षित संस्थामा २ वर्ष अगाडि निःशुल्क रूपमा कम्प्युटर सिकेको हुँ र आज यहाँ नै कम्प्युटर प्रशिक्षकको रूपमा काम गर्न पाउँदा ज्यादै खुसी लागेको छ । म यो संस्था प्रति धेरै धेरै आभार प्रकट गर्न चाहन्छु । दृष्टिविहिन भएका विद्यार्थीहरूलाई कम्प्युटरको माध्यमबाट अगाडि बढाउनको लागि यस्ता तालिमहरू निःशुल्क रूपमा उपलब्ध गराउनु भएको छ । यो संस्था प्रति आभार प्रकट गर्दै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु ।



परिलक्षित संस्था काठमाण्डौंमा अक्टोप्याड बाजा बजाउन सिक्दै दृष्टिविहिन व्यक्ति । तस्विर : शर्मिला विश्वकर्मा

मूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

परिलक्षितले अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीमा पहुँच पुऱ्याउनको लागि कार्यगत तालिम (On the Job Training) पनि उपलब्ध गराउँदछ । कुनै संघ संस्थाहरूमा ६ महिना वा १ वर्ष सम्म कार्यगत तालिममा पठाउने र उक्त व्यक्तिले त्यहाँ काम सिकिसके पछि त्यही संस्थामा रोजगार उपलब्ध गराई

क्षमता अभिवृद्धिकरण र उनीहरूको चाहना, क्षमता, आवश्यकता बमोजिमको आय-आर्जन

## आगामी दिनमा नयाँ कार्य योजना बनाएर काम गर्ने छौं



*- डा. एलिना लिन्ड्रा, फेल्म नेपाल*

मैले नेपालमा रहेर फेल्म नेपालसँग आबद्ध भएर परिलक्षित संस्था मार्फत अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्न पाउँदा ज्यादै खुसी लागेको छ । फेल्म नेपाल मार्फत परिलक्षित संस्थासँग सहकार्य गरेर हामीले नेपालमा रहेका दृष्टिविहिन, शारीरिक र बहिरा अपाङ्गता भएका व्यक्तिहरूको शिक्षालाई निरन्तरता दिनको लागि छात्रवृत्ति उपलब्ध गराउने काम गर्दै आएका छौं । परिलक्षितसँग मिलेर अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा काम गर्नको लागि फेल्म नेपाल र परिलक्षित बीच नयाँ कार्य योजनाहरू बनाइएको छ । अबको ६ वर्षको लागि नयाँ कार्य योजना बनाएर काम गर्ने हाम्रो सोच रहेको छ । हामीले विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू र सिमान्तकृत व्यक्तिहरूको जीवनलाई कसरी माथि पुऱ्याउने भन्ने उदेश्य लिएर हामीले काम गर्ने छौं । फिनल्याण्डमा रहेका धेरै मान्छेहरूले यो कामको बारेमा सुनि सकेका छन् । अबका दिनमा पनि हामी सबै एक आपसमा मिलेर काम गरेमा सफलता प्राप्त गर्न सकिन्छ । सबै अपाङ्गता भएका व्यक्तिहरूको जीवन उज्वल रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

दिनु भनेर वकालत गर्ने कामलाई पनि निरन्तरता दिँदै आएको छ । अहिले सम्म यो संस्थाको सहयोग मार्फत १ सय २४ जनाले रोजगारी पाएको पाइन्छ । यति मात्र होइन परिलक्षित गत वर्षको भूकम्पले असर पारेको जिल्ला गोरखा र धादिङ्का १ सय ४० जना भूकम्प पीडितहरूलाई सहयोग पनि गरेको थियो । परिलक्षितका ९ वटा जिल्लामा २१ वटा साझेदार संस्थाहरू रहेका छन् ।

परिलक्षित संस्थाले अपाङ्गता भएका व्यक्तिहरूको हक, हित र अधिकारको बारेमा उनीहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधाको बारेमा जानकारी दिने, समाजमा अपाङ्गता भएका व्यक्तिहरू प्रतिको नकरात्मक सोच र अन्धविश्वासको अन्त्य गरी सकरात्मक रूपमा जनचेतना जगाउने उद्देश्यले आफ्नो एफ.एम. बाट 'दृष्टिकोण' रेडियो कार्यक्रम निर्माण गर्ने र विभिन्न जिल्लाहरूमा रहेका स्थानीय रेडियो

## आगामी दिनमा संगीतको तालिम पनि दिएमा अझ राम्रो हुने थियो



*- विमल थापा, प्रधानाध्यापक, जनजागृति उच्च मा. वि. महादेवबेशी, धादिङ*

जनजागृति उच्च मा. वि., यो विद्यालय वि. सं. २०५७ सालमा धादिङ्गको महादेव बेशीमा स्थापना भएको हो । परिलक्षित संस्थाले हाम्रो विद्यालयमा अध्ययन गर्ने दृष्टिविहिन विद्यार्थीहरूको शिक्षालाई अगाडि बढाउनको लागि सहयोग गर्दै आएको छ । यो संस्थाले वि.स.२०६६ सालमा ३ जना दृष्टिविहिन बालबालिकाहरूलाई छात्रावासको व्यवस्था गर्ने भनेर सहयोग गरेको थियो । त्यसै गरी यो विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई छात्रवृत्ति, ब्रेल पेपर, छात्रावास निर्माण, विद्यार्थीलाई जाडोको लुगा वितरण, विद्यालय पोसाक वितरण, कम्प्युटर वितरण लगाएका सामाग्री वितरण गर्दै आएको छ । परिलक्षित संस्थाको सहयोगमा हामीले धादिङमा नमुनाको रूपमा शिक्षा उपलब्ध गराउन सफल भएका छौं । हामीलाई नमुना छात्रावास बनाउनको लागि १ करोड ६६ लाख परिलक्षित संस्थाले जुटाइ दिएर छात्रावास बनाउन सफल भएका छौ । हामीलाई यो संस्थाले कार्यगत तालिम ९ड्ब्त्०, छात्रावासमा आवश्यक सामाग्री उपलब्ध गराई दिनुको साथै दृष्टिविहिन व्यक्तिहरूको लागि गमनशिलताको तालिम पनि दिनु भएको थियो । आगामी दिनमा अझ हाम्रा दृष्टिविहिन बालबालिकाहरूलाई उपलब्ध गराउँदै आएको छात्रवृत्ति रकममा केही रकम वृद्धि गरिदिएमा र संगीत सिक्ने इच्छा भएका दृष्टिविहिन बालबालिकाहरूलाई ३ दिन देखि महिना सम्मको संगीत तालिम उपलब्ध गराई दिएमा राम्रो हुने थियो ।



*परिलक्षित संस्थाको आयोजना तथा फेल्म (FELM) नेपालको सहयोगमा साझेदारी संस्थाहरूसँगको पोखरामा सम्पन्न अन्तरक्रियात्मक बैठकको एक झलक ।* **तस्विर : शर्मिला विश्वकर्मा**

एफ.एम. बाट प्रसारण गर्ने गरिन्छ । परिलक्षित संस्थालाई फेल्म (FELM) नेपाल नामक संस्थाले पनि सहयोग गर्दै आएको छ । फेल्म (FELM) नेपालले परिलक्षितलाई सन् २००६



## जनचेतना जगाउने कार्यमा परिलक्षितको साथ रहेको छ

***- विनु राई, स्टेसन म्यानेजर, आफ्नो एफ. एम., ओखलढुङ्गा***

परिलक्षित संस्थाको सहयोगमा समाजमा अपाङ्गता भएका व्यक्तिहरूको विषयमा जनचेतना जगाउने, राज्यले उपलब्ध गराएका सेवा सुविधाको बारेमा जानकारी गराउनुको साथै ती सेवा सुविधालाई कसरी उपयोग गर्न सकिन्छ भन्ने सवालहरू समावेश गरेर आफ्नो एफ. एम. बाट दृष्टिकोण रेडियो कार्यक्रम उत्पादन गर्ने गर्दछौं । हामीले परिलक्षित संस्थासँग सहकार्य गरेर दृष्टिकोण रेडियो कार्यक्रम उत्पादन गरेको २ वर्ष भयो । यो कार्यक्रम ९ वटा जिल्लाहरू जस्तै ओखलढुङ्गा, डडेलधुरा, कैलाली, धादिङ, बाँके, पोखरा, गोरखा, विराटनगर, पाल्पा जिल्लाका ११ वटा रेडियोबाट प्रसारण हुने गर्दछ । कार्यक्रम प्रसारण गर्नुको उदेश्य समुदायमा अपाङ्गता भएका र अपाङ्गताको परिवार बीच चेतना फैलाउनु हो । अपाङ्गता भएका व्यक्तिहरूले पनि समाजमा अवसर पायो भने आफ्नो लागि मात्र होइन समुदाय र राष्ट्रको लागि केही गर्न सक्छ योगदान दिन सक्छन् भनेर उनीहरूको हक अधिकारको लागि वकालत गर्न यो कार्यक्रम प्रसारण गर्ने गरिएको हो । परिलक्षित संस्थाले यो दृष्टिकोण कार्यक्रमको बारेमा आगामी दिनमा अनुगमन गरिदिनु भएमा अझ प्रभावकारी हुने थियो ।

## हामीले आय–आर्जनको क्षेत्रमा पनि काम गरेका छौं



*- विष्णु घिमिरे,*
*फिल्ड म्यानेजर, परिलक्षित*

परिलक्षित संस्थाले अपाङ्गता भएका व्यक्तिहरूको लागि काठमाण्डौ मात्र नभएर काठमाण्डौ भन्दा बाहिर धादिङ्ग, गोरखा, कास्की, बाँके, कैलाली र पाल्पामा पनि छात्रवृत्ति लगायत अपाङ्गता सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गरेका छौं । यसमा जनचेतना, सीप विकास र आय आर्जन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएको छ । हामीले अनुगमनको काम गरि रहेका छौं । हामी कर्मचारीहरू गएर तालिम हेर्ने र अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्था मार्फत अनुगमन गर्ने गर्दछौँ । हामीलाई सहयोग गर्ने दातृ निकायबाट पनि समय समयमा अवलोकन गर्ने र मूल्याङ्कन गर्ने काम हुने हुन्छ । अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकासको लागि तालिम दिने, आय–आर्जन गर्नको लागि बीउ पुँजी पनि उपलब्ध गराउने, आय–आर्जन अन्तर्गत मौरी, कुखुरा, बाख्रा, बंगुर पालनको तालिम दिने र तालिम पश्चात् उहाँहरूलाई केही बंगुर वा मौरीका घारहरूको लागि केही रकमहरू दिने गर्दछौँ । हामीले विभिन्न जिल्लाहरूमा गएर अनुगमन गर्ने, समूह गठन गर्न सहयोग गर्ने, त्यस समूहलाई कार्यक्रम गर्न सहयोग पनि गर्ने गर्दछौँ । हाम्रो कार्यक्रमले उहाँहरूको जीवनमा नै सकारात्मक परिवर्तन आएको समाज र परिवारले सम्मानको हिसाबले हेरेको पाइन्छ । यो अपाङ्गताको क्षेत्रमा काम गर्दा ज्यादै खुसी लागेको छ ।

देखि छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्नको लागि र सन् २००९ देखि अपाङ्गता सशक्तिकरण कार्यक्रमको लागि सहयोग गर्दै आएको छ । अहिले सम्म फेल्म नेपालको सहयोगमा ३५० जना अपाङ्गता भएका व्यक्तिहरूले परिलक्षित

## परिलक्षितको छात्रवृत्तिले उच्च शिक्षा लिन सहयोग भयो



*- सुनिल वि. क., फेदिखोला*
*स्याङ्ग्जा, हाल जोरपाटी*
*काठमाण्डौ*
*(शारीरिक अपाङ्गता)*

म शारीरिक अपाङ्गता भएको व्यक्ति हुँ । परिलक्षित संस्थाबाट मैले स्नातक तह अध्ययन गर्ने क्रममा छात्रवृत्ति पाएको थिए । जसले गर्दा मलाई उच्च शिक्षा अध्ययन गर्नको लागि धेरै सजिलो भयो । यसको साथै मैले परिलक्षित संस्थामा एड्भान्स कम्प्युटर तालिम पनि लिने अवसर पाए । त्यो तालिम ६ महिनाको थियो । अहिले म नेपाल अपाङ्ग मानव अधिकार केन्द्रमा यही संस्थाको सहयोगमा कार्यगत तालिम (On the Job Training) अर्थात् इन्टर्नको रूपमा काम पनि सिकिरहेको छु । परिलक्षित संस्थाले मलाई जुन प्रकारको सहयोग दिएको छ त्यसको लागि म यो परिलक्षित संस्थालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि यो संस्थाले विभिन्न ग्रामीण स्तरमा रहेका म जस्ता अन्य अपाङ्गता भएका व्यक्तिहरूलाई यस्तो सहयोगहरू उपलब्ध गराओस् । साथै परिलक्षित संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु ।

### परिलक्षितको सहयोगले दृष्टिविहिन बालबालिकालाई शिक्षा लिन सहयोग भएको छ



*- केशरी थापा, प्रधानाध्यापक, पूर्वाञ्चल ज्ञानचच्छु विद्यालय, धरान*

दृष्टिविहिन बाल बालिकाहरूलाई शिक्षा उपलब्ध गराउने उदेश्यले पूर्वाञ्चल ज्ञानचच्छु विद्यालयको स्थापना वि. स. २०३४ सालमा धरानमा गरिएको हो । सुरुमा दृष्टिविहिन बालबालिकाहरूको लागि मात्र काम गरेको यो विद्यालयले हाल आएर न्यून दृष्टि भएका बालबालिका लगायत बहु–अपाङ्गता भएका बालबालिकाहरूको लागि पनि कार्यक्रमहरू सञ्चालन गरिएको छ । हामीलाई परिलक्षित संस्थाले वि.स.२०६३ साल देखि सहयोग गर्दै आएको छ । यो संस्थाले सुरुवातमा १५ जना दृष्टिविहिन बालबालिकाहरूलाई छात्रवृत्ति उपलब्ध गराएर सहयोग गरेको थियो भने अहिले यो संस्थाबाट छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४९ रहेको छ । यसको लागि म परिलक्षित संस्थालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

मार्फत सहयोग प्राप्त गरिसकेका छन् भने सशक्तिकरण कार्यक्रम अन्तर्गत ८ वटा जिल्लाहरूमा विभिन्न जनचेतना, वकालत, क्षमता अभिवृद्धिका कार्यक्रमहरू पनि सञ्चालन गरिएको छ ।

परिलक्षितले ९ वटा जिल्लाका २१ वटा संघ संस्थाहरूसँग मिलेर काम गरिरहेको र ती संघ संस्थाहरूमा के कस्ता कार्यक्रमहरू सञ्चालन गरिएको छ ? आगामी दिनमा कस्ता

### परिलक्षितसँग सहकार्य गरेर रोजगारी लगायतका कामहरू गरेका छौं



*- प्रमेन्द्र ढकाल, अध्यक्ष, मैत्री समाज नेपाल, काठमाण्डौ*

मैत्री समाज नेपालको स्थापना वि.स.२०५७ सालमा काठमाण्डौमा भएको हो । यो संस्थाले स्थापना कालदेखि नै अपाङ्गता भएका व्यक्तिहरूको लागि क्षमता अभिवृद्धि, रोजगारको लागि पहल, वकालत, छोटो समयका व्यवसायिक तालिमहरू, आधारभूत पत्रकारिता तालिम र आगमनका तालिमहरू सञ्चालन गरेका छौं । हामीले विगत ४ वर्ष देखि परिलक्षितसँग सहकार्य गरेर अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्दै आएका छौं । अपाङ्गता भएका व्यक्तिहरूको लागि विभिन्न विषयमा तालिम प्रदान गर्ने, व्यक्तित्व विकास, न्यून र पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यलय व्यवस्थापनको तालिम दिएका थियौं । परिलक्षितसँग हामीले सन् २०१३ देखि नै सहकार्य गरेर काम गर्दै आएका छौं । यस्ता कार्यहरूले अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी, व्यक्तित्व विकासमा सहयोग पुगेको छ । यसको लागि म परिलक्षित संस्थालाई विशेष धन्यवाद दिन चाहन्छु ।

# परिलक्षितले हामीलाई ठूलो सहयोग गरेको छ



*- गुणराज खतिवडा, अध्यक्ष, अपाङ्ग कल्याण संघ धादिङ्ग*

अपाङ्ग कल्याण संघ धादिङ्गले अपाङ्गता भएका व्यक्तिहरूको विभिन्न विषयमा वकालत गर्ने र सहायक सामाग्रीहरू वितरण गर्ने, सीप विकासका कार्यलाई महत्त्व दिएर काम गर्दै आएको छ । हामीले परिलक्षित संस्थासँग सहकार्य गरेर आय-आर्जनका कार्यक्रमहरू सञ्चालन गरेका छौं । परिलक्षित संस्थाको सहयोगमा धादिङ्ग जिल्लाको कल्लेरी र कुनपुर गा.वि.स.मा रहेका अपाङ्गता भएका व्यक्तिहरू जो शिक्षाबाट बञ्चित छन् र कृषि व्यवसाय गरेर बसेका छन् उनीहरूलाई एकै ठाउँमा जम्मा गरेर स्वावलम्बन समूह निर्माण गर्ने काम गरेका छौं । यसको साथै कृषक समूह गठन गरेर ती समूहहरू बीचमा मासिक रूपमा केही रकम बचत गर्ने कार्य भएको छ । परिलक्षित संस्था मार्फत धादिङ्ग जिल्लामा अपाङ्गता भएका व्यक्तिहरूलाई बाख्रा पालन, कुखुरा पालन, मौरी पान र माछा पालनको लागि तालिम उपलब्ध गराएका छौं । यहाँ दुई वटा समूहमा निर्माण गरेर जाल बुन्ने, माछा पाल्ने, बाख्रा, मौरी र कुखुरा पाल्ने काम भएको छ । त्यसै गरेर जाल्पा कृषक समूहमा १४ जनाले बाख्रा पालन व्यवसाय गर्नु भएको छ । यसरी परिलक्षितले हामीलाई ठूलो सहयोग गरेको छ । जसले गर्दा म परिलक्षितसँग ज्यादै खुसी छु । यो संस्थाले अपाङ्गता भएका व्यक्तिहरूले प्रत्यक्ष फाइदा पाएका छन् । यसरी अपाङ्गता भएका व्यक्तिहरूले आय-आर्जन गर्न थाले पछि घर परिवार र समाजले पनि ती अपाङ्गता भएका व्यक्तिहरूलाई सकारात्मक रूपमा हेर्ने थालेका छन् । उनीहरूले व्यवसाय सुरु गरेर आय - आर्जन गरेर आम्दानी लिन थालेका छन् । आगामी दिनमा यो परिलक्षित संस्थाले प्रत्येक विद्यालयका शिक्षक र विद्यार्थीहरूलाई साङ्केतिक भाषा र ब्रेल लिपी सिकाउन सकेमा समावेशी शिक्षामा सहयोग हुने थियो । यस विषयमा पनि आगामी दिनमा कार्यक्रम सञ्चालन गर्न पहल गर्नु होला ।

कार्यक्रमहरू सञ्चालन गर्न पर्ला? यो परिलक्षितले ती जिल्लाहरूमा सञ्चालन गरेका कार्यक्रमको प्रभावकारिता कस्तो रहेको छ भन्ने विषयमा र परिलक्षितबाट सेवा सुविधा लिएका संघ संस्थाहरूले ती सञ्चालित कार्यक्रमको बारेमा जानकारी गराउने, आगामी दिनमा के कस्ता कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने उद्देश्यले यही कात्तिक २५ र २६ गते परिलक्षितले फेल्म नेपालको सहयोगमा पोखरामा साझेदारी संस्थाहरूसँगको अन्तरक्रियात्मक बैठकको

## परिलक्षितले छात्रवृत्ति उपलब्ध गरेर पढ्न सहज भएको छ



*- चिजा गिरी, लमजुङ*

म पूर्ण दृष्टिविहिन महिला हुँ । अहिले म श्री अमरसिंह उच्च माध्यमिक विद्यालय पोखरामा कक्षा १२ मा अध्ययन गर्दै छु । मैले परिलक्षित संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको कक्षा ११ पढ्दा बाट नै हो । मेरो घरको आर्थिक अवस्था कमजोर भएको कारण एस. एल. सी. पास भए पछि कसरी उच्च शिक्षा अध्ययन गर्ने भन्ने चिन्ता थियो । तर पनि मलाई लमजुङको राजेन्द्र घिमिरे सरले मेरो शिक्षालाई निरन्तरता दिनको लागि परिलक्षित संस्थामा कुरा गरिदिनु भए छ र उक्त संस्था मार्फत मलाई मासिक रूपमा रु ३ हजार रुपैयाँ छात्रवृत्ति उपलब्ध भयो । यसै छात्रवृत्तिले उच्च शिक्षा लिनको लागि सहयोग मिलेको छ । यसको लागि म परिलक्षित संस्थालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

आयोजना पनि गरियो । सो कार्यक्रममा विभिन्न साझेदारी संघ संस्थाहरूले परिलक्षित संस्थाले सञ्चालन गरेका कार्यक्रमको बारेमा जानकारी आदान प्रदान गरिएको थियो । त्यसै गरी अबका दिनमा कसरी अझ ग्रामीण स्तरमा रहेका, शिक्षाको पारिलो घामबाट वञ्चित भएका व्यक्तिहरू समक्ष पुग्न सकिन्छ? कसरी

## आय–आर्जन मूलक कार्यक्रमहरू पनि सञ्चालन गरेका छौं



*- टेकराज पोखरेल,*
*कार्यक्रम निर्देशक, परिलक्षित*

परिलक्षित संस्थाको अपाङ्गता भएका व्यक्तिहरूको लागि छात्रवृत्ति र सशक्तिकरण सञ्चालन गरेका छौं । अपाङ्गता सशक्तिकरण कार्यक्रम ८ वटा जिल्लामा सञ्चालित छ भने छात्रवृत्ति कार्यक्रम ४३ जिल्ला सञ्चालन भएको छ । हामीले अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको लागि सशक्तिकरण, वकालत, सीप विकास गर्ने जस्तै कुखुरा पालन, बाख्रा पालनको लागि वा संस्थागत विकासको लागि क्षमता अभिवृद्धिकरण र उनीहरूको चाहना, क्षमता, आवश्यकता बमोजिमको उनीहरूलाई आय–आर्जन मूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएका छौं । काठमाण्डौमा पनि हामीले कम्प्युटर तालिम, संगीत तालिम सञ्चालन गरेका छौं । संगीत तालिम पनि २ प्रकारको छ । एउटा ६ महिना र अर्को ३ वर्ष भन्दा बढीको कोर्स हुने गर्दछ । यसमा विशेष गरी दृष्टिविहिन व्यक्तिहरूले संगीत सिक्नु हुन्छ भने दृष्टिविहिन, बहिरा तथा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूले कम्प्युटर सिक्नु हुन्छ । जुन बेसिक र एड्भान्स स्तरको छ । त्यस्तै हामीले लोकसेवाको तयारी कक्षाको लागि पनि सहयोग पनि गर्ने गर्दछौं । यस्ता कार्यक्रमहरूलाई हामी नियमित रूपमा नै सञ्चालन गर्ने गर्दछौं ।

## हाम्रो संस्थालाई परिलक्षितले स्थापनाकाल देखि नै सहयोग गर्दै आएको छ



*- परिता सिंह, उपाध्यक्ष,*
*बहिरा महिलाका सृजनशिल हातहरू, ललितपुर*

बहिरा महिलाका सृजनशिल हातहरू नामक संस्थाको स्थापना २०६७ सालमा ललितपुरमा स्थापना भएको हो । यो संस्था बहिरा महफिलहरू र दोभाषे मिलेर स्थापना गरिएको हो । यो संस्थामा १६ वर्ष भन्दा माथिका र शिक्षा लिनबाट बञ्चित हुनु भएका, परिवारबाट अपहेलित भएका र आर्थिक अवस्था कमजोर भएका महिलाहरूको लागि काम गर्ने गरिन्छ । परिलक्षित संस्थाले हाम्रो संस्था स्थापनाकाल देखि नै सहयोग गर्दै आउनु भएको छ । सुरुमा यो संस्था मार्फत ५ जना यस्ता महिलाहरूलाई सीप मूलक तालिम दिएको थियो । यो संस्थाको सहयोगमा हामीले २७ जना बहिरा महिलाहरूलाई आत्म निर्भर बनाई सकेका छौं । हामीलाई इन्टर्नको लागि पनि ४ जनालाई सहयोग गर्नु भएको थियो भने अहिले एक जनाले पसल सञ्चलन गरेर आत्म- निर्भर हुनु भएको छ । हामीले साङ्केतिक भाषाको तालिम, सिलाई कटाई सिकाउने, विभिन्न नाटकहरू निर्माण गरेर आत्म निर्भर बनाउने कार्यहरूमा परिलक्षित संस्था मार्फत सहयोग लिँदै आएका छौं ।

उनीहरूलाई रोजगार वा स्वरोजगार बनाउन सकिन्छ भनेर छलफल पनि भएको थियो । परिलक्षित संस्थाले आगामी दिनमा पनि अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको लागि, जीवन यापनका लागि तथा शिक्षा प्रदान गर्नका लागि विभिन्न निकायहरूसँग साझेदारी गरेर काम गर्ने लक्ष्य लिएको छ । यो संस्थाले वकालत, जनचेतना, क्षमता अभिवृद्धि गर्ने, अपाङ्गताका सवालमा काम गर्ने,

## परिलक्षितको सहयोगबाट हाम्रा विद्यार्थीहरूलाई पढ्न सजिलो भएको छ

*- महेन्द्र लिम्बु,*
*प्रधानाध्यापक,*
*पूर्वाञ्चल बहिरा विद्यालय, धरान*

वि. सं. २०४८ सालमा पूर्वाञ्चल बहिरा विद्यालय धरानमा स्थापना भएको हो । ६ जना बहिरा विद्यार्थीहरूबाट यो विद्यालयमा शिक्षा दिन सुरु गरिएको हो । यो विद्यालयमा परिलक्षित संस्थाले १० जना बहिरा विद्यार्थीहरूको लागि छात्रवृत्ति उपलब्ध गराएको छ । परिलक्षित संस्थाबाट त्यो विद्यालयमा रहेका बहिरा विद्यार्थीहरूको लागि स्टेश्नरीका सामानहरू कापी, कलमहरू उपलब्ध गराएर पनि सहयोग गरेको छ । त्यसै गरी डेक्स बेन्चको लागि पनि सहयोग भएको छ । यसको लागि म परिलक्षित संस्थालाई म धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

## परिलक्षितको कार्यले अपाङ्गता प्रति समाजमा सकारात्मक परिवर्तन आएको छ



*- क्रिस्ती किर्याविइनेन, भूतपूर्व सल्लाहकार फेल्म नेपाल, हाल स्वयम् सेवक परिलक्षित*

मेरो देश फिनल्याण्ड हो । मैले नेपालमा आएर विभिन्न क्षेत्रमा काम गरेको २५ वर्ष भयो । मैले पहिला युनाइटेड मिसन नेपाल मार्फत काम गरे, ओखलढुङ्गामा स्वास्थ्यको क्षेत्रमा , मुगुमा प्रौढ शिक्षाको क्षेत्रमा काम गरेर हाल अपाङ्गताको क्षेत्रमा काम गर्दै छु । म फेल्म नेपालमा काम गर्ने क्रममा सन् २००६ मा फेल्म नेपाल मार्फत परिलक्षितलाई छात्रवृत्तिको लागि सहयोग गरेका थियौं र उक्त सहयोग अहिले पनि जारी नै छ । यसका साथै हामीले विद्यालय तथा उच्च शिक्षाको लागि पनि छात्रवृत्ति दिने गर्दछौं । लोकसेवाको तयारी कक्षाको लागि पनि हामीले सहयोग गरेका छौं । शिक्षा लिन नपाएका अपाङ्गता भएका व्यक्तिहरूलाई हामीले सीप विकासको लागि तालिम दिने र व्यवसाय गर्नको लागि सहयोग पनि गर्ने गर्दछौं । नेपालमा अपाङ्गताको क्षेत्रमा काम गर्ने क्रममा अपाङ्गताको क्षेत्रमा धेरै सकारात्मक परिवर्तनहरू आएको छ । नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको लागि धेरै कुरामा काम गरेको छ ।सुरु सुरुमा गाउँ गाउँमा अपाङ्गता भएका व्यक्तिहरूलाई लुकाएर राख्ने गरिन्थ्यो, उनीहरूलाई खोज्न पनि निकै कठिन थियो । अहिले केही रूपमा भए पनि सकारात्मक परिवर्तन आएको छ । अझ परिलक्षित संस्था मार्फत सहयोग पाएर शिक्षा पाएका, रोजगारी पाएका तथा आय–आर्जन गरेर वा व्यवसाय गरेका अपाङ्गता भएका व्यक्तिहरूको बारेमा विभिन्न सञ्चार मार्फत बाहिर ल्याउन जरुरी छ । यसको लागि हामी सबै मिलेर काम गर्न जरुरी छ । म आगामी दिनमा पनि मेरो तर्फबाट अपाङ्गता भएका व्यक्तिहरूको लागि सहयोग गर्न तयार छु ।

जीविकोपार्जनका लागि, आय-आर्जनका लागि र छात्रवृत्ति वितरणका कार्यलाई निरन्तरता दिने योजना रहेको संस्थाका सम्बन्धित व्यक्तिहरूको भनाई रहेको छ । यो संस्थाले आज सम्म अपाङ्गता भएका व्यक्तिहरूको लागि सञ्चालन गर्दै आएको काम ज्यादै महत्वपूर्ण रहेको छ र उनीहरूको जीवनयापनमा सहजता भएको पाइएको छ । अबका दिनमा पनि यस्ता कार्यक्रमहरूले निरन्तरता पाउँदै जाने छन् र अपाङ्गता भएका व्यक्तिहरू शिक्षा लिन पाउने अवसरबाट वञ्चित हुने छैनन्, रोजगारीमा सहभागी हुने छन् तथा सीप मूलक तालिमहरू सिकेर स्वरोजगार बनी अन्य व्यक्तिहरूलाई पनि रोजगार दिन सफल हुने छन् । हाम्रो

## परिलक्षितको सहकार्यमा व्यवसायिक तालिमहरू सञ्चालन गरेका छौं



*- विनिता शर्मा, अध्यक्ष, अपाङ्ग नव जीवन केन्द्र बाँके*

अपाङ्ग नव जीवन केन्द्र अपाङ्गता भएका व्यक्तिहरू द्वारा बाँके जिल्लामा १९ वर्ष अगाडि स्थापना भएको संस्था हो । यो संस्थाले १९ वर्ष देखि बाँके जिल्लाका नगरपालिका र विभिन्न गा.वि.स.हरूमा कार्यक्षेत्र बनाएर काम गरि रहेका छौं । परिलक्षित संस्थासँग हामीले सन् २०१५ देखि सहकार्य गरेर काम गर्दै आएका छौं । परिलक्षित संस्थाको सहयोगमा नगरस्तरीय जनचेतना कार्यक्रम, व्यवसायिक तालिमहरू जस्तै बाख्रा पालन, बंगुर पालन र विभिन्न अरू क्रियाकलापको लागि पनि सहयोग भएको छ । परिलक्षितको सहयोगमा ३ महिना सम्म ४ जना अपाङ्गता भएका व्यक्तिहरूलाई बेद, बाँसको तालिम दिएका थियौ । त्यस्तै गरेर सिलाई कटाइ तालिम पनि प्रदान गरेका थियौँ । उक्त तालिम मार्फत बाँके जिल्लामा तालिम लिएका केही अपाङ्गता भएका व्यक्तिहरूले व्यवसाय गरेर आय–आर्जन गरि जीवन यापन गरेका छन् । सन् २०१६ मा पनि हाम्रो जिल्लामा ३ वटा कार्यक्रमहरू भएका छन् जस्तै अपाङ्गता भएका व्यक्तिहरूलाई अभिमुखीकरण कार्यक्रम, गा.वि.स. स्तरीय अपाङ्ग स्वावलम्बन समूह सञ्चालन गर्नुको साथै एड्भान्स सिलाई कटाई तालिम सञ्चालन गरेका छौं ।

## आगामी दिनमा पनि परिलक्षितसँग सहकार्य गरेर काम गर्ने छौं



*- प्रकाश ढकाल, कार्यक्रम सल्लाहकार, फेल्म नेपाल*

फेल्म नेपाल संस्थाले सन् २००६ देखि परिलक्षित संस्थालाई छात्रवृत्ति कार्यक्रममा सहयोग गर्दै आएको हो । यसै गरी सन् २००९ देखि परिलक्षित संस्था मार्फत अपाङ्गता सशक्तिकरण कार्यक्रम सञ्चालनको लागि पनि सहकार्य गरेर काम गरेको छ । फेल्म नेपालले अहिले सम्म करिब ३५० जना अपाङ्गता भएका व्यक्तिहरूलाई छात्रवृत्ति कार्यक्रममा सहयोग गरेको छ । अपाङ्गता सशक्तिकरण कार्यक्रम अन्तर्गत हामीले ८ जिल्लामा विभिन्न कार्यक्रम जनचेतना, वकालत, क्षमता अभिवृत्ति गर्ने काममा परिलक्षितसँग सहकार्य गरेका छौं । फेल्म नेपालले परिलक्षितसँगको सहकार्यमा गरेको कार्यक्रमहरू आज सम्म ज्यादै प्रभावकारी रहेका छन् । जसले गर्दा २ सय जना अपाङ्गता भएका व्यक्तिहरू रोजगार र स्वरोजगार भएको पाइएको छ । आगामी दिनमा पनि हामी परिलक्षितसँग सहकार्य गरेर अपाङ्गता भएका व्यक्तिहरूको क्षमता अभिवृद्धिको कार्यक्रमलाई प्राथमिकता दिने, कक्षा १२ सम्म पढेका व्यक्तिहरूलाई रोजगारीको लागि पहल गर्ने, कार्यगत तालिमको लागि विभिन्न संघ संस्थाहरूलाई आग्रह गर्ने, अपाङ्गता र पर्यावरण भनेर फलफूलका तथा अन्य बिरुवा बाँड्ने योजनामा छौं ।

## अपाङ्गता भएका व्यक्तिहरूको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका छौं



*- सुर्य थापा,*
*अध्यक्ष, परिलक्षित*

परिलक्षित संस्थाले काठमाण्डौमा शारीरिक अपाङ्गता भएका व्यक्तिहरू, दृष्टिविहिन र बहिरा व्यक्तिहरूको लागि कम्प्युटर तालिम र संगीतको तालिम निःशुल्क उपलब्ध गराउँदै आएको छ । यसका साथै विद्यालय स्तर देखि उच्च शिक्षा सम्मको शिक्षा लिनको लागि छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम पनि सञ्चालन गरेका छौं । हामीले अहिले ९ वटा जिल्लामा रहेका अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरू र अन्य सरोकारवाला निकायहरूसँग साझेदारी गरेर अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्दै आएका छौं । विगतका दिनमा हामीले अपाङ्गता भएका व्यक्तिहरूको लागि रेडियो उद्घोषण तालिम प्रदान गर्ने गरेका थियौ केही समय देखि उक्त तालिम रोकिएको थियो अब हामी उक्त तालिमलाई पुनः सञ्चालन गर्ने योजनामा छौं । आगामी दिनमा हाम्रा साझेदारी संघ संस्थाहरूसँग छलफल गरेर कसरी अगाडि बढ्ने, कुन क्षेत्रमा के कस्ता कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने विषयमा योजना बनाएर काम गर्ने छौं ।

## परिलक्षितमा नै काम सिकेर यहाँ नै रोजगार पाएकी छु



*- धनिकला नेपाली, गुल्मी*

म होचा पुड्का भएको महिला हुँ । मेरो उचाइ ३ इन्च छ । म यो परिलक्षित संस्थामा करिब १ वर्ष देखि कार्यगत तालिम अर्थात् **On the Job Training** गरेकी थिए । यहाँ मैले काम सिक्ने अवसर पाए । मैले यहाँ भन्दा कतै पनि यस्तो काम सिक्ने अवसर पाएको थिइन । आज यो संस्थामा नै कार्यगत तालिम पछि अहिले मैले यहाँ कर्मचारीको रूपमा काम गर्ने अवसर पाए । मलाई यहाँ काम गर्नको लागि मेरो अपाङ्गता अनुकूलको सामाग्रीहरू छन्, अपाङ्गता मैत्री वातावरण रहेको छ । यहाँ सहज रूपमा काम गर्ने अवसर मिलेको छ । यहाँ काम गर्न पाउँदा म धेरै खुसी छु । यहाँ सिकेको कामलाई म यहाँ नै उपयोग गर्न पाएकी छु । यसको लागि म परिलक्षित संस्थालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु आज परिलक्षितको सहयोगमा रोजगार पाए र जीवन यापनको लागि सहज भएको छ ।

तर्फबाट यस संस्थाले सञ्चालन गर्दै आएका कार्यक्रमहरू अझै अन्य जिल्लामा पनि विस्तार हुन सकुन र ती ठाउँमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको जीवन सफल र सहज बन्न सकोस् हाम्रो तर्फबाट शुभकामना ।

# आय-आर्जनले सहज बन्यो पुस्कर चौधरीको जीवन

दाङ जिल्ला सौडियार गा.वि.स. वडा नं. निवासी पुस्कर चौधरी जन्मजात शारीरिक अपाङ्गता भएका व्यक्ति हुनुहुन्छ । बुवा जगप्रसाद चौधरी र आमा घोथर्नी चौधरीको कोखबाट वि.सं. २०५४ सालमा जन्मनु भएका पुस्कर चौधरीको जन्मदा नै दुवै हात र दुवै खुट्टा बाङ्गो र कमजोर थिए । उहाँको उमेर बढ्दै जाने क्रममा उहाँ हिँड्न सक्नु भएन । हात टेकेर



पनि हिँड्न नसक्ने उहाँलाई एक ठाउँबाट अर्को ठाउँमा जान पनि कठिन हुन थाल्यो र निरन्तर अरूको सहयोगको आवश्यकता हुन थाल्यो । जसको कारण उहाँले घर परिवार तथा सामाजिक कार्यहरूमा सहभागी हुने, विभिन्न कार्यहरूबाट वञ्चित हुन पर्‍यो । मनमा पढ्ने इच्छा हुँदा हुँदै पनि हिँडडुल गर्न नसकेका कारण र विद्यालय पनि घर देखि टाढा भएको कारणले गर्दा विद्यालय जाने उमेरमा पनि विद्यालय जान सक्नु भएन । आफू भन्दा साना भाइ बहिनी विद्यालय गएको देख्दा उहाँलाई पनि विद्यालय जान मन लाग्थ्यो तर आफू हिँडडुल गर्न नसक्ने भएको कारण र विद्यालय पनि घर देखि टाढा भएको र अपाङ्गता मैत्री भौतिक संरचना नहुँदा उहाँले विद्यालय जाने उमेरमा विद्यालय स्तरको शिक्षा लिनबाट वञ्चित हुन पर्‍यो । तर पनि पुस्कर चौधरीको पढ्ने इच्छा मरेन र आमा बुवा सँग विद्यालय गएर पढ्ने जिद्दी गरेपछि ११ वर्षको उमेरमा सौडियारमा रहेको विद्यालयमा कक्षा १ मा भर्ना भएर पढ्न थाल्नु भयो । बाबु आमा र घरका अन्य सदस्यहरूले बोकेर लाने लैजाने गर्नुहुन्थ्यो भने कहिलेकाहीँ आफै पनि घुँडा टेकेर घिस्रेर हिँड्न पर्थ्यो । त्यो ठाउँमा ह्वीलचिएर उपलब्ध थिएन भने यदि उपलब्ध भए पनि ह्वीलचिएर गुड्न सक्ने बाटो थिएन जसले गर्दा उहाँले आमा बुवा काममा व्यस्त भएको बेलामा आफै घुँडा टेकेर घिस्रेर हिँड्दा घुँडा भरी घाउ भएकोले विद्यालय जान आउन कठिन भएको कारण ३ कक्षा सम्म पढेपछि विद्यालय जान सक्नु भएन र नचाहँदा नचाहँदै विद्यालय छोडेर घरमा बस्न पर्‍यो । यसरी घरमा बसिरहँदा उहाँमा हिनताबोध हुन थाल्यो, आफू अपाङ्गता भएकोमा ज्यादै दुःख लाग्न थाल्यो । घरका सबै सदस्यहरू काम गर्न गएको देखेर उहाँलाई पनि काम गर्न मन लाग्न थाल्यो । तर पनि उहाँको दिनचर्या यसरी नै बित्दै थियो । उहाँ २६ वर्षको हुँदा दुवै तर्फका घर परिवारको सहयोगमा दाङ जिल्लाको घनी ४ बस्ने साइटी चौधरी सँग विवाह भयो । उहाँको दुई वटा छोरीहरूको जन्म पनि भयो । उहाँको हर दुःख सुखमा उहाँको श्रीमतीले धेरै साथ दिनु भयो तर पनि आर्थिक अवस्था कमजोर भएको कारण जीवन यापनमा भने केही कठिनाई भएपनि आफ्नो दैनिकी चलेकै थियो ।

सहज रूपमा जीवन यापन गर्नका लागि उहाँले केही व्यवसाय सञ्चालन गर्ने सोच राखेर खुद्रा पसल चलाउने विचार गर्नु भयो तर आर्थिक अवस्था कमजोर भएको कारण उक्त खुद्रा पसललाई निरन्तरता दिन सक्नु भएन । त्यस पछि दाङ जिल्लामा रहेको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपालले गठन गरेको बहुमुखी अपाङ्ग स्वावलम्बन समूहको कोषाध्यक्ष पदमा रहेर काम गर्ने अवसर पाउनु भयो । यसरी बहुमुखी अपाङ्ग स्वावलम्बन समूहमा बसेर काम गर्दै जाँदा अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपालले नेपाल

अपाङ्ग मानव अधिकार केन्द्रको सहयोग र यू.के.ऐड / डि.डि.पी. को साझेदारीमा पश्चिम नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजनाले सञ्चालन गरेको कार्यक्रममा व्यवसाय सञ्चालन गर्नका लागि निवेदन दिनु भयो र सोही परियोजना मार्फत रु. ९ हजार रुपैयाँ बराबरको सामान उपलब्ध भयो र खुद्रा पसल सञ्चालन गरी आय-आर्जन गर्न थाल्नु भयो।

अहिले शारीरिक अपाङ्गता भएका व्यक्ति पुस्करराज चौधरीले यही व्यवसायबाट घर खर्च चलाउने र वार्षिक रूपमा २० देखि ३० हजार सम्म बचत गर्न पनि सफल हुनुभएको छ । उहाँले यसरी व्यवसाय सञ्चालन गरेर आय-आर्जन गरेपछि घर परिवारमा केही मात्र भएपनि आर्थिक अवस्थामा सुधार भए पछि घर परिवार तथा समाजका अन्य व्यक्तिहरूले पनि अपाङ्गता भएका व्यक्ति पुस्करराज चौधरी तथा अन्य व्यक्तिलाई सकरात्मक दृष्टिले हेर्ने गरेको उहाँ आफ्नो अनुभव बताउनु हुन्छ। साथै उहाँ नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, यू.के. ऐड. / डि.डि.पी. र दाङ् जिल्लाको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाललाई धेरै धेरै धन्यवाद दिनु हुन्छ र अन्य अपाङ्गता भएका व्यक्तिहरूलाई पनि आय-आर्जन गरी जीवन यापन गर्ने अवसर दिन पर्ने बताउनु हुन्छ।

के तपाई अपाङ्ग आवाज मासिक पत्रिकाको ग्राहक बन्न चाहनु हुन्छ ?

के तपाईले अपाङ्ग आवाज मासिक पत्रिका पढ्नु भयो ? यदि तपाई अपाङ्ग आवाज मासिक पत्रिका पढ्न र ग्राहक बन्न चाहनु हुन्छ भने

हामीलाई सिधा सम्पर्क गर्नु होस्

०१ - ५१५५१३४

सूचना तथा सञ्चारमा अपाङ्गहरूको समान सहभागिता आजको आवश्यकता

अपाङ्ग प्रधान

अपाङ्ग आवाज

मासिक

# समाचार विविध

## अन्तर्राष्ट्रिय भकभके जनचेतना दिवस

*६ कात्तिक २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं ।*

नेपाल भकभके संघको आयोजनामा अक्टोबर २० तारिखका दिन अन्तर्राष्ट्रिय भकभके जनचेतना दिवसका अवसरमा भकभके भएका व्यक्तिहरूको सवालका विषयमा काठमाण्डौमा एक छलफल कार्यक्रमको आयोजना गरियो । सोही दिवसका अवसरमा डि.पि.ओ.डी. की प्रतिनिधि रेणु लोहनीले नेपाल भकभके संघको स्थापनाको इतिहासका बारेमा प्रष्ट पार्दै संस्था स्थापना भएपछि भकभके पन सम्बन्धी जनचेतना जगाउने, स्पीच थेरापिस्टको खोजी गर्ने कार्य भएको र सन् २०१६मा पुनः केही जनचेतना र स्पीच थेरापीका कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्ने कुरामा जोड दिनु भयो ।

त्यसैगरी नेपाल भकभके संघका संस्थापक अध्यक्ष इन्द्रलाल श्रेष्ठले भकभके पन भएका व्यक्तिहरू अझै पनि समाजमा खुलेर आउन नसकेको बताउँदै भकभके पनको बारेमा विद्यालय स्तरको पाठ्यक्रममा पनि समावेश गर्न जरुरी रहेको कुरामा जोड दिनु भयो । त्यसै गरी नेपाल भकभके संघका उपाध्यक्ष रवीन कुमार मैनालीले नेपाल भकभके संघको बारेमा जानकारी दिँदै संस्थाको दीर्घकालीन योजना,




*नेपाल भकभके संघको आयोजनामा अन्तर्राष्ट्रिय भकभके जनचेतना दिवसका अवसरमा भकभके भएका व्यक्तिहरूको सवालका विषयमा काठमाण्डौमा गरिएको छलफल कार्यक्रमको एक झलक ।* तस्विर : शर्मिला विश्वकर्मा

लाभान्वित समूह र भकभके पनका कारणहरू, भोग्न परेका समस्याहरूका बारेमा प्रष्ट पार्नु भएको थियो । त्यसैगरी बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालका अध्यक्ष मुकुन्दहरी दाहालले भकभके पन भएका व्यक्तिहरूका सवालहरूलाई मानव अधिकारको सवालको रूपमा लिन पर्ने बताउँदै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिमा उल्लेख गरिएका व्यवस्थाहरूको बारेमा पनि प्रष्ट पार्नु भयो ।

उक्त कार्यक्रममा नेपालकै पहिलो स्पीच थेरापिस्ट सुरेशवार लाल कर्णले भकभके पन भएका व्यक्तिहरूले नियमित रूपमा स्पीच थेरापी गर्नु पर्ने, विभिन्न सञ्चार माध्यमहरू मार्फत भकभके अपाङ्गता भएका व्यक्तिहरूका समस्याहरूको बारेमा, उनीहरूका अधिकारका सवालका बारेमा प्रचार प्रसार गर्नु पर्ने बताउनु भयो । सोही क्रममा इम्पुती एशोसिएसनका अध्यक्ष महेश्वर घिमिरेले भकभके पन भएका व्यक्तिहरूको अधिकारको लागि सबै निकायमा वकालत गर्नु पर्ने, स्वास्थ्य मन्त्रालयमा स्पीच थेरापीको सेवा सुविधाको बारेमा पहल गर्नुपर्ने कुरामा जोड दिनु भयो । त्यसैगरी त्रिभुवन विश्व विद्यालय शिक्षण अस्पताल महाराजगञ्ज काठमाण्डौका वरिष्ठ वाक तथा श्रवण विशेषज्ञ कविराज खनालले नेपाल सरकारका कार्यक्रममा भकभके पन भएका व्यक्तिहरूका सवालहरू समावेश गर्नु पर्ने, उनीहरूको लागि स्पीच थेरापिस्टहरूको उत्पादन गरी नेपालका सबै स्वास्थ्य क्षेत्रहरूबाट स्पीच थेरापी सेवा उपलब्ध गराउनु पर्ने कुरामा जोड दिनु भयो । त्यसैगरी राष्ट्रिय अपाङ्ग महासंघ नेपालका महासचिव राजु बस्नेतले भकभके अपाङ्गता भएका व्यक्तिहरूले भोग्नु परेका सामाजिक विभेदको अन्त्य हुनु पर्ने, राज्यका विभिन्न कार्यक्रमहरूमा समावेश गर्नुपर्ने बताउँदै उहाँहरूको हक अधिकारको लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपाल सँधै साथमा रहने बताउनु भयो । उक्त अन्तर्राष्ट्रिय भकभके जनचेतना दिवसका अवसरमा आयोजक संस्थाका अध्यक्ष सञ्जय कुमार झाले नेपाल सरकारले प्रयाप्त मात्रामा स्पीच थेरापिस्टहरू उत्पादन गर्नुपर्ने, शिक्षा लगायतका निकायमा समान सहभागिता र पहुँचको लागि सहयोग गर्नुपर्ने बताउनु भयो ।

## यु.एन.सि.आर.पि.डी.(UNCRPD) सम्बन्धी सल्लाह तथा सुझाव सम्बन्धी छलफल

*८ कात्तिक २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौ*

राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको छाया तथा पूरक प्रतिवेदन सम्बन्धी अपाङ्गता भएका महिलाहरू बीच काठमाण्डौमा एक छलफल कार्यक्रमको आयोजना गरियो । सो छलफल कार्यक्रममा काठमाण्डौ स्कूल अफ ल का सहायक प्राध्यापक कपिल अर्यालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिमा

उल्लेख गरिएका मुख्य विषयवस्तु, केही अधिकार सम्बन्धीका व्यवस्थाहरूको बारेमा जानकारी प्रस्तुत गर्नु भएको थियो । यसै क्रममा उहाँले उक्त प्रतिवेदनमा अपाङ्गता भएका महिलाहरूका छुटेका सवालहरू समावेश गर्नको लागि यो छलफल कार्यक्रमको आयोजना गरिएको पनि जानकारी दिनु भयो ।

सो छलफल कार्यक्रममा नेपाल अपाङ्ग महिला संघकी सदस्य सरिता लामिछानेले उक्त छाया प्रतिवेदन लेख्नमा अपाङ्गता भएका महिलाहरूको प्रजनन अधिकारका कुरा, सँगै लैजानु पर्ने बताउनु भयो । यसै गरी बौद्धिक अपाङ्गताका अभिभावक महासंघ नेपालकी सचिव एवं अभिभावक लक्ष्मी काफ्लेले बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको न्यायको लागि पनि कडा कानुनी व्यवस्थालाई समावेश गर्ने कुरामा जोड दिनु भएको थियो ।

संयुक्त राष्ट्र संघमा बुझाउने उक्त छाया प्रतिवेदन लेखको विषयमा अपाङ्गता भएका महिलाहरू सँग काठमाण्डौमा गरिएको सो छलफल कार्यक्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रकी अध्यक्ष तारा वदन सेडाईले



*राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको छाया तथा पूरक प्रतिवेदन सम्बन्धी अपाङ्गता भएका महिलाहरू बीच काठमाण्डौमा गरिएको छलफल कार्यक्रमको एक झलक ।* **तस्विर : शर्मिला विश्वकर्मा**

अपाङ्गता मैत्री अस्पताल, डाक्टर साथै नर्सहरूलाई अपाङ्गताको विषयमा तालिम दिन पर्ने सवाल समावेश गर्नु पर्ने बताउनु भयो भने त्यसै गरी नेपाल अपाङ्ग महिला संघकी कोषाध्यक्ष अनिता गैरेले सो छाया प्रतिवेदनमा अपाङ्गता भएका महिलाहरूको यौनिकताको अधिकार र वैवाहिक अधिकारको कुरालाई सँग घर परिवारले अपाङ्गता भएका महिलाहरूलाई दमन, शोषण गर्न नपाउने नीति ल्याउनु पर्ने, आमा वा बाबु कुनै एक अभिभावक नभएको अपाङ्गता भएका व्यक्तिहरूलाई पनि नेपाल सरकारले सञ्चालन गरेको पुनर्स्थापना गृहमा राख्ने व्यवस्था गर्नुपर्ने बताउनु भयो भने अपाङ्ग आवाज मासिक पत्रिका र साप्ताहिक

रेडियो कार्यक्रमकी सञ्चार संयोजक शर्मिला विश्वकर्माले अपाङ्गता भएका महिलाहरूले विद्यालय वा क्याम्पस स्तरको शिक्षा लिने क्रममा अपाङ्गता मैत्री र सुरक्षात्मक छात्रावासको व्यवस्था गर्ने विषयलाई पनि उक्त प्रतिवेदनमा समावेश गर्नुपर्ने बताउनु भयो । त्यसै गरी अटिजम केयर नेपाल समाजकी सचिव एवं अभिभावक निलम गौतमले बृहत् रूपमा अपाङ्गता भएका महिलाहरूका लागि विभिन्न जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्नु गर्ने, शिक्षा, स्वास्थ्य तथा रोजगारीका विषयमा चेतना जगाउने कार्यक्रम ल्याउन पर्ने कुरामा जोड दिनु भयो । उक्त छलफल कार्यक्रममा बहिरा महिला दिपावली शर्माले अपाङ्गता भएका महिलाहरूका रोजगारीका विषयलाई पनि समावेश गर्दै विभिन्न समयमा सेमिनार तथा गोष्ठीका कार्यक्रम गर्नुपर्ने सुझाव समावेश गर्न अनुरोध गर्नुभएको थियो । त्यसैगरी शारीरिक अपाङ्गता भएकी महिला सरिता थुलुङ्गले खेलकुदमा अपाङ्गता भएका महिलाहरूको सहभागितालाई समावेश गर्नुपर्ने बताउनु भयो ।

सो छलफल कार्यक्रममा डि.पि.ओ.डी. का प्रतिनिधि रेणु लोहनीले अपाङ्गता भएका महिलाहरूले भोगेका देखेका घटनाहरूका बारेमा थप सल्लाह सुझाव दिन अनुरोध गर्दै आफू सँधै अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार सुनिश्चित गर्न सक्दो सहयोग गर्ने बताउनु भयो । यसै कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका महासचिव राजु बस्नेतले संयुक्त राष्ट्र संघमा बुझाउनु पर्ने छाया प्रतिवेदनमा अपाङ्गता भएका महिलाहरूका सवालका विषयमा थप सल्लाह, सुझावहरू तथा व्यक्तिगत घटना विवरणहरू इमेल मार्फत पनि पठाउन सकिने बताउनु भयो । सो छलफल कार्यक्रममा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न प्रकारका अपाङ्गता भएका महिलाहरू र अभिभावकहरूको सक्रिय सहभागिता रहेको थियो ।

## छाया प्रतिवेदन सम्बन्धी छलफल

*९ कात्तिक २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौ ।*

राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको छाया प्रतिवेदन सम्बन्धी अपाङ्गता भएका युवाहरूका सवाल समावेश गर्ने विषयमा काठमाण्डौमा एक छलफल कार्यक्रमको आयोजना गरियो । सो छलफलमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका महासचिव राजु बस्नेतले कार्यक्रमको बारेमा प्रष्ट पार्दै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिमा उल्लेख गरिएका व्यवस्थाहरूको बारेमा जानकारी दिनु भएको थियो । त्यसै गरी राष्ट्रिय अपाङ्ग युवा सञ्जालका महेन्द्र थापाले सो छाया प्रतिवेदनमा

सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्तिहरूको लागि आरक्षण गरिएको सिटको कार्यान्वयन गर्ने विषयलाई पनि समावेश गर्नुपर्ने बताउनु भयो । त्यसै गरी नेपाल भकभके संघका उपाध्यक्ष रवीनकुमार मैनालीले छाया प्रतिवेदनमा भकभके अपाङ्गता भएका व्यक्तिहरूको रोजगारका सवालहरूलाई पनि समावेश गराउनु पर्ने बताउनु भयो भने बौद्धिक अपाङ्गताका अभिभावक लक्ष्मी पौडेलले अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य उपचार सेवाको कार्यान्वयनको विषयलाई पनि उल्लेख गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

सो छलफल कार्यक्रममा राष्ट्रिय अपाङ्ग युवा सहयोगी सहितको सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने भनी गरिएको फैसला कार्यान्वयन गर्नु पर्ने बताउनु भयो । सोही क्रममा नेपाल अपाङ्ग महिला संघकी कोषाध्यक्ष अनिता घिमिरेले सो छाया प्रतिवेदनमा अपाङ्गता भएका व्यक्तिहरूको जीवन बिमाको व्यवस्था हुनु पर्ने कुरालाई पनि महत्त्वका साथ समावेश गर्नु पर्ने कुरामा जोड दिनु भएको थियो । सो छलफल कार्यक्रममा सहभागीहरूले अपाङ्गता भएका युवाहरूका शिक्षा, स्वास्थ्य, रोजगार, सीप मूलक तालिम, सार्वजनिक यातायातमा व्यवस्था गरिएका आरक्षण तथा अपाङ्गता भएका व्यक्तिहरूका



*राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आयोजनामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको छाया प्रतिवेदन सम्बन्धी अपाङ्गता भएका युवाहरूका सवाल समावेश गर्ने विषयमा काठमाण्डौमा गरिएको छलफल कार्यक्रमको एक झलक /* **तस्विर : शर्मिला विश्वकर्मा**

सञ्जालका अध्यक्ष महेन्द्र थापाले कक्षा ११ र १२ को शिक्षा पनि निःशुल्क गर्नु पर्ने व्यवस्था बनाउन पर्ने बताउनु भयो । त्यसै गरी अपाङ्ग आवाजका पत्रकार गणेश सुवेदीले वि.स. २०६९ सालमा सर्वोच्च अदालतले पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई हक अधिकार सुनिश्चित गर्नका लागि बनाइएका नीति नियम तथा कानुनहरू कार्यान्वयन गर्न तर्फ पहल गर्ने लगायतका सवालहरू समावेश गर्नु पर्ने कुरामा जोड दिएका थिए ।

## मानसिक स्वास्थ्यको पाँचौं अन्तर्राष्ट्रिय सेमिनार सम्पन्न

*२० कार्तिक २०७३, गोपाल ढकाल, काठमाडौं*

मनोचिकित्सा र मानसिक स्वास्थ्य विभाग, आइ. ओ. एम.(IOM) त्रि. वि. को आयोजनामा मनोचिकित्सा एवं मानसिक स्वास्थ्यको २ दिने पाँचौं अन्तर्राष्ट्रिय सेमिनार काठमाडौंमा सम्पन्न भएको छ । मनोचिकित्सा र मानसिक स्वास्थ्य विभाग, आइ.ओ.एम. त्रि.वि.को आयोजनामा मनोचिकित्सा एवं मानसिक स्वास्थ्यको २ दिने पाँचौं अन्तर्राष्ट्रिय सेमिनार काठमाडौंमा सम्पन्न भएको छ । सो कार्यक्रममा मानसिक स्वास्थ्यको आवश्यकता, चुनौती र यसको समाधानका विषयमा छलफल गरिएको थियो । नेपालको मानसिक स्वास्थ्यको वर्तमान आवश्यकता र चुनौतीका विषयमा प्रा. डा. सरोज प्रसाद ओझाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने नर्वे, हल्याण्ड र नेपालका अनुसन्धानकर्ताहरूले विभिन्न विषयमा आ–आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा विभिन्न देशका मानसिक स्वास्थ्यका क्षेत्रमा कार्यरत मनोचिकित्सक, मनोविद्, मनोपरामर्शदाता, अनुसन्धानकर्ता एवं स्वास्थ्यकर्मी र पत्रकार लगायत १०० भन्दा बढीको उपस्थिति रहेको मनोविद् गोपाल ढकालले पठाउनु भएको समाचारमा जनाइएको छ । सो कार्यक्रममा उत्तर र दक्षिणका राष्ट्रहरूको मानसिक स्वास्थ्यको आवश्यकता, चुनौती र यसको समाधान संयुक्त रूपमा खोजी गर्ने एवं मनोसामाजिक र अन्तरसाँस्कृतिक विषयमा विभिन्न अनुसन्धान र बाल दुर्व्यवहारका विषयमा छलफल गरिएको छ ।

## पहुँचयुक्तता समावेशीकरण परियोजना प्रारम्भमा छलफल

*११ कात्तिक २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौ ।*

राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आयोजना तथा सि.बि.एम. को साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्तता समावेशीकरण परियोजना प्रारम्भमा काठमाण्डौमा एक छलफल कार्यक्रम भएको छ । सो छलफलमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका प्रशासकीय व्यवस्थापक मनिष प्रसाईले परियोजनाको धारणा, संरचना र काम गर्ने तरिकाका विषयमा कार्यपत्र मार्फत जानकारी दिनु भएको थियो । त्यसै गरी नेपाल अपाङ्ग महिला संघकी महासचिव मिना पौडेलले राष्ट्रिय अपाङ्ग महासंघ नेपालले गर्न लागेको पहुँचयुक्तता समावेशीकरण परियोजनाको थालनी गर्नु एक नमुना भएको बताउँदै यस कार्यमा नेपाल अपाङ्ग महिला संघ पनि सँगसँगै रहेको

बताउनु भयो । सो कार्यक्रममा शहरी विकास मन्त्रालयकी शाखा अधिकृत सकुन्तला राईले पहुँचयुक्तता समावेशीकरण परियोजनालाई प्रभावकारी बनाउन, अपाङ्गता मैत्री भौतिक संरचना निर्माण गर्नका लागि शहरी विकास मन्त्रालयले पनि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । सोही कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका परियोजना संयोजक विमल पौडेलले अब हुने प्राविधिक तालिम र अन्य काममा काठमाण्डौ महा-नगरपालिका र अन्य निकायहरूको सहयोगमा काम गर्ने, पहुँचयुक्तता समावेशीकरण परियोजना सफल बनाउनको लागि सबैको साथ र सहयोगको आवश्यकता हुने बताउनु भएको थियो ।

त्यसै गरी उक्त कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले यो परियोजना सफल पार्नको लागि सबै मन्त्रालयहरू तथा सरोकारवाला निकायहरूसँग सहकार्य गरेर अपाङ्गता अनुकूलको पहुँचयुक्त भौतिक संरचना निर्माणको लागि काम गर्नु पर्ने कुरामा जोड दिनु भयो । सोही क्रममा काठमाण्डौ महा-नगरपालिकाका सामाजिक विकास विभागका निर्देशक बद्रीबहादुर खड्काले सार्वजनिक रूपमा प्रयोगमा आउने भौतिक संरचनालाई अपाङ्गता मैत्री बनाउन स्थानीय निकायलाई परिचालन गर्ने, प्राविधिकहरूलाई अपाङ्गताको बारेमा जानकारी दिने, तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपालसँग मिलेर काम गर्ने बताउनु भयो ।




*राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आयोजना तथा सि.बि.एम. को साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचयुक्तता समावेशीकरण परियोजना प्रारम्भमा काठमाण्डौमा गरिएको छलफल कार्यक्रमको एक झलक* / **तस्विर : शर्मिला विश्वकर्मा**

# साझेदारी संस्थाहरूसँग अन्तरक्रियात्मक बैठक

*२६ कात्तिक २०७३, शर्मिला विश्वकर्मा, पोखरा*

परिलक्षित संस्थाको आयोजना तथा फेल्म (FELM) नेपालको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न जिल्लामा सञ्चालन गरिएको कार्यक्रमहरूको विषयमा र आगामी दिनहरूमा के-कस्ता कार्यक्रम सञ्चालन गर्ने भन्ने विषयमा साझेदारी संस्थाहरूसँगको अन्तरक्रियात्मक बैठक पोखरामा सम्पन्न भयो । सो कार्यक्रममा आयोजक संस्थाका सचिव सूर्य थापाले सबैलाई स्वागत गर्दै परिलक्षित संस्थाले विभिन्न जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरूका लागि छात्रवृत्ति, सीपमूलक तालिम, कृषि सम्बन्धी तालिम उपलब्ध गराउँदै आएको बताउनु भयो । साथै उहाँले १४ वटा जिल्लामा ३ सय ८६ जना शारीरिक, दृष्टिविहिन तथा बहिरा अपाङ्गता भएका व्यक्तिहरूले छात्रवृत्ति प्राप्त गरेको बताउनु भयो । त्यसै गरी फेल्म (FELM) नेपालका प्रतिनिधि एलिनाले आफ्नो अपाङ्गता भएका विद्यार्थीहरूको छात्रवृत्तिको लागि परिलक्षितलाई सहयोग गर्दै आएको बताउनु भयो । त्यसै गरी आगामी ६ वर्षको लागि कार्य योजना बनाउनको लागि साझेदारी संस्थाहरूसँग अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गरिएको बताउनु भयो ।



*परिलक्षित संस्थाको आयोजना तथा फेल्म (FELM) नेपालको सहयोगमा साझेदारी संस्थाहरूसँगको पोखरामा सम्पन्न अन्तरक्रियात्मक बैठकको एक झलक ।* तस्विर : शर्मिला विश्वकर्मा

यसै कार्यक्रममा गैरसरकारी संस्था महासंघ कास्की जिल्लाका अध्यक्ष गोपाल खड्काले

अपाङ्गता भएका व्यक्तिहरूका लागि काम गर्ने यस्ता संघ संस्थालाई राज्यले पनि सहयोग गर्नु पर्ने बताउनु भयो । त्यसै गरी जिल्ला विकास घरेलु कार्यालय कास्कीका लेखा अधिकृत विष्णु अर्यालले आफ्नो कार्यालय मार्फत पनि यस्ता संघ संस्थाहरूसँग सहकार्य गरि अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्ने बताउनु भयो । यसै क्रममा जिल्ला विकास समितिका योजना अधिकृत खेमराज देवकोटाले राज्यका नीति नियम तथा ऐनमा अपाङ्गता भएका व्यक्तिहरूका सवालहरू समावेश गर्न लाग्नु पर्ने, राज्यका हरेक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुऱ्याउनु पर्ने बताउँदै यस्ता कार्यमा आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो ।

परिलक्षित संस्थाले पोखरामा गरेको दुई दिने साझेदारी संस्थाहरूसँगको अन्तरक्रियात्मक कार्यक्रममा प्रमुख अतिथि एवं राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले परिलक्षित संस्थाले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरूले अपाङ्गता भएका व्यक्तिहरूले शिक्षा तथा रोजगार प्राप्त गर्न सकेको बताउँदै यो संस्थाले अझ प्रगति गर्न सफल होस् भनी शुभकामना व्यक्त गर्नु भयो । यसै क्रममा उहाँले आगामी दिनमा परिलक्षित सँग सहकार्य गरी काम गर्नको लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपाल तयार रहेको पनि बताउनु भयो । उक्त दुई दिने अन्तरक्रियात्मक कार्यक्रमको उद्घाटनको समापनका क्रममा परिलक्षित संस्थाका अध्यक्ष विजयकुमार मानन्धरले संस्थाले सञ्चालन गरेका कार्यक्रमको बारेमा जानकारी दिँदै विभिन्न साझेदारी संस्था, सहयोगी संस्था र सहभागीहरू सबैलाई धन्यवाद दिनु भएको थियो ।

परिलक्षितले पोखरामा गरेको उक्त दुई दिने अन्तरक्रियात्मक कार्यक्रममा फेल्म (FELM) नेपालका कार्यक्रम सल्लाहकार प्रकाश ढकालले र संस्थाको बारेमा परिलक्षित संस्थाका कार्यक्रम निर्देशक टेकराज पोखरेल, प्रस्तुति गर्नु भएको थियो । त्यसै गरी राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले नेपालको संविधान २०७२ मा भएका अपाङ्गता भएका व्यक्तिहरूका सवाल र अधिकारका बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी परिलक्षित संस्थासँग सहकार्य गरेर काम गर्दै आएका गोरखा जिल्लाका मनकामना बहिरा आवासीय माध्यमिक विद्यालयका प्राध्यापक अनिल हुमागाँई, पाल्पाका सृजनशिल अपाङ्ग स्वावलम्बन केन्द्रका अध्यक्ष सन्दीप भट्टराई, पूर्वाञ्चल ज्ञानचक्षु विद्यालय धरानकी प्रधानाध्यापक केशरी थापा, बाँके नवजीवन केन्द्रको अध्यक्ष विनिता शर्मा, प्रगतिशील अपाङ्ग संघ कैलालीका सचिव धोजबहादुर रावल, धौलागिरी बहिरा विद्यालयका प्रधानाध्यापक के.वि. राना, अपाङ्ग कल्याण संघ धादिङ्गका गुणराज खतिवडा, धादिङ् नेत्रहिन संघका अध्यक्ष अश्विन लम्साल, जनजागृति उच्च मा.वि. धादिङ्का शिक्षक विमल थापा, मैत्री समाज काठमाण्डौका प्रमेन्द्र ढकाल, स्वावलम्बन जीवन पद्धति समाजका

अध्यक्ष हितमान छन्तपाल, गोरखा नेत्रहिन संघका अध्यक्ष पवन कुमार बस्नेत, रे रे बाँकेका विरेन्द्र शाह लगायतका साझेदार संघ-संस्थाका प्रतिनिधिहरूले परिलक्षित सँग सहकार्य गरेर सञ्चालन गरिएका कार्यक्रमको बारेमा बताउनु भएको थियो । सो दुई दिने साझेदार संस्थाहरूसँगको अन्तरक्रियात्मक कार्यक्रमको सञ्चालन परिलक्षित संस्थाका कार्यक्रम निर्देशक टेकराज पोखरेलले गर्नु भएको थियो भने कार्यक्रममा ५२ जनाको सहभागिता रहेको थियो ।

## भवन शिलान्यास कार्यक्रम सम्पन्न

*१ मंसिर २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौ*

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको सूचना तथा श्रोत केन्द्र सञ्चालनका लागि अपाङ्गता मैत्री कार्यलय शिलान्यास कार्यक्रम काठमाण्डौको जोरपाटी स्थित नयाँ बस्ती गगन नगर चोकमा सम्पन्न गर्यो । अपाङ्गता मैत्री भवन शिलान्यास कार्यक्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रकी अध्यक्ष तारावदन सेडाइले उक्त कार्यक्रममा सहभागीलाई स्वागत गर्दै यो भवन निर्माण कार्यमा सबैको साथ र



*नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको सूचना तथा श्रोत केन्द्र सञ्चालनका लागि अपाङ्गता मैत्री कार्यलय शिलान्यास गर्नुहुँदै महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सहसचिव शंकर पाठक ।* **तस्विर : शर्मिला विश्वकर्मा**

सहयोगको आवश्यक रहेको बताउनु भयो । त्यसै क्रममा नेपाल नेत्रहिन संघका निर्देशक नरबहादुर लिम्बुले नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले निर्माण गर्न लागेको अपाङ्गता मैत्री भवन निर्माणको सफलताको शुभकामना व्यक्त गर्दै यो निर्माण कार्यमा आफ्नो संस्थाको तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो ।

मन्त्रालयका सह-सचिव शंकर पाठकले उक्त भवनको शिलान्यास गर्दै यो भवन निर्माण कार्यमा मन्त्रालयको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । सो कार्यक्रमका विशेष अतिथि एवं काठमाण्डौ ने.क.पा. एमालेका अध्यक्ष कृष्ण राईले नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले सूचना तथा श्रोत केन्द्र सञ्चालनका लागि अपाङ्गता मैत्री



*नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको सूचना तथा श्रोत केन्द्र सञ्चालनका लागि अपाङ्गता मैत्री कार्यलय शिलान्यास कार्यक्रमको एक झलक* । **तस्विर : शर्मिला विश्वकर्मा**

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले निर्माण गर्न लागेको सूचना तथा श्रोत केन्द्र सञ्चालनका लागि अपाङ्गता मैत्री कार्यलय शिलान्यास कार्यक्रमका प्रमुख अतिथि एवं महिला बालबालिका तथा समाज कल्याण

कार्यलय निर्माण गर्न लागेकोमा खुशी व्यक्त गर्दै यो भवन निर्माण कार्यमा आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । त्यसै गरी टाइम लाइन विद्यालयका व्यवस्थापक समितिका अध्यक्ष तथा समाज सेवी नवराज

रिजालले यो कार्यको सफलताको शुभकामना व्यक्त गर्नु भयो भने नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष निर्मला धितालले नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले निर्माण गर्न लागेको सूचना तथा श्रोत केन्द्र सञ्चालनका लागि अपाङ्गता मैत्री कार्यलय निर्माणको क्रममा आफ्नो संस्था मार्फत सक्दो सहयोग गर्ने बताउनु भयो । उक्त कार्यक्रममा परिलक्षित संस्थाका निर्देशक टेकराज पोखरेल, आइ.एल.का अध्यक्ष गणेश के.सी. लगायत अपाङ्गताको क्षेत्रमा काम गर्ने संघ संस्था, बासुकी नगर विकास समाज, सुगम नगर विकास समाज र अन्य समाजसेवीहरूले यो भवन निर्माण कार्य सम्पन्न गर्नका लागि सक्दो सहयोग गर्ने बताउनु भयो । यसै क्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका महासचिव जगदिशप्रसाद अधिकारीले यो भवन सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरू मैत्री हुने बताउनु भयो । त्यसै गरी गगन नगर विकास समाजका अध्यक्ष गोविन्द प्रसाद ढुङ्गेलले आफ्नो क्षेत्रमा अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था आएकोमा धेरै धेरै धन्यवाद दिँदै सफल कार्यको शुभकामना व्यक्त गर्नु भयो भने उहाँले आफ्नो तर्फबाट यो भवन निर्माण कार्यको लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । उक्त भवन शिलान्यास कार्यक्रमको सञ्चालन नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका महासचिव जगदिशप्रसाद अधिकारीले गर्नु भएको थियो भने कार्यक्रममा अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरू तथा समाज सेवीहरूको उपस्थिति रहेको थियो ।

## २५औ अन्तर्राष्ट्रिय अपाङ्ग दिवस भव्यताका साथ सम्पन्न

*१८ मंसिर २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं*

"हासिल गरौं दिगो विकासको १७ लक्ष्य, सुनिश्चित गरौं हामीले चाहेको भविष्य" भन्ने मूल नाराका साथ यही मंसिर १८ गते अर्थात् डिसेम्बर ३ तारिखका दिन २५ औ अन्तर्राष्ट्रिय अपाङ्ग दिवस भव्यताका साथ काठमाण्डौंमा सम्पन्न भयो । यो अन्तर्राष्ट्रिय अपाङ्गता दिवस महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव ज्यूको अध्यक्षतामा मूल आयोजक समिति गठन गरी राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरू, अपाङ्गता भएका व्यक्ति, अभिभावक तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको सहभागितामा सम्पन्न भएको थियो । २५औ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा काठमाण्डौंको भृकुटीमण्डपको प्रदर्शनीमार्गबाट निकालिएको ऱ्यालीको उद्घाटन महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सहसचिव शंकर पाठकले रिबन काटेर गर्नुभएको थियो । उद्घाटन पश्चात् उक्त ऱ्याली पद्मोदयमोड, पुतलीसडक, काठमाण्डौं मोडेल अस्पताल, प्रदर्शनी मार्ग हुँदै पुनः




*२५ औ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा काठमाण्डौंमा निकालिएको र्‍यालीको एक झलक ।* **तस्विर : शर्मिला विश्वकर्मा**

भृकुटीमण्डपमा आएर मूल समारोह कार्यक्रममा परिणत भएको थियो । उक्त मूल समारोह कार्यक्रमको उद्‌घाटन कार्यक्रमका प्रमुख अतिथि एवं स्वास्थ्य मन्त्री गगन थापाले पानसमा दीप प्रज्वलन गरी गर्नु भएको थियो । सो कार्यक्रममा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका उपसचिव भरत शर्माले सबैलाई स्वागत गर्दै महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव विष्णु लम्साल,



*२५औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा काठमाण्डौंमा निकालिएको र्‍यालीको उद्‌घाटन गर्नुहुँदै महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सहसचिव शंकर पाठक ।* **तस्विर : शर्मिला विश्वकर्मा**

प्रधानमन्त्री पुष्पकमल दाहाल र राष्ट्रपति विद्यादेवी भण्डारीले २५औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसका अवसरमा पठाउनु भएको शुभकामना सन्देश पढेर सुनाउनु भएको थियो । उक्त मूल समारोह कार्यक्रममा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको अपाङ्गता कार्य समूह सञ्जालका संयोजक शौरभ शर्माले अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापनाका लागि विभिन्न परियोजना मार्फत काम गर्दै आएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताउँदै नेपाल सरकारले उनीहरूको सेवा सुविधाको लागि काम गर्दै जानुपर्ने कुरामा जोड दिनु भयो । त्यसै गरी स्वास्थ्य विभाग कुष्ठ रोग नियन्त्रण महाशाखाका उप स्वास्थ्य प्रशासक डा. माधवप्रसाद लम्सालले राज्यका हरेक निकायहरू अपाङ्गता मैत्री बनाइनु पर्ने र उनीहरूको स्वास्थ्य उपचारको लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । उक्त कार्यक्रममा महिला बालबालिका तथा

समाज कल्याण मन्त्रालयका सहसचिव शंकर पाठकले मन्त्रालयले अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूसँग सहकार्य गरेर काम गर्दै आएको बताउनु भयो । यसका साथै अपाङ्गताको क्षेत्रमा काम गर्ने गर्नका लागि अर्थ मन्त्रालय तथा योजना आयोग सँग बजेट वृद्धि गर्नका लागि पहल गरिरहेको बताउनु भयो । त्यसै गरी नेपाली काँग्रेसकी सांसद उशा गुरुङ्गले नेपालको संविधान २०७२ मा समावेश गरिएका अपाङ्गताका सवालहरू कार्यान्वयन गर्न आफ्नो पार्टी र व्यक्तिगत रूपमा सहयोग गर्न तयार रहेको बताउनु भयो । २५ औ अन्तर्राष्ट्रिय अपाङ्ग दिवसका अवसरमा आयोजना गरिएको कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले सन् २०१७ र १८ लाई अपाङ्ग वर्ष घोषणा गरी ग्रामीण स्तरमा रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई राज्यले उपलब्ध गराएका सेवा सुविधाको बारेमा जानकारी गराउने, अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको जीवन यापनको लागि जीवन यापन गर्न पुग्ने गरी सरकारी स्तरबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था गर्ने बताउनु भयो । उक्त कार्यक्रममा प्रमुख अतिथि एवं स्वास्थ्य मन्त्री गगन थापाले अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य उपचारको लागि, संविधानमा भएका अपाङ्गताका सवाल कार्यान्वयनका लागि, अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रिय नीति कार्यान्वयन लगायतका कार्यमा आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।




*२५ औ अन्तर्राष्ट्रिय अपाङ्ग दिवसको अवसरमा काठमाण्डौंमा गरिएको मूल समारोह कार्यक्रमको एक झलक* / **तस्विर : शर्मिला विश्वकर्मा**

२५ औ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा गरिएको र्‍याली तथा मूल समारोह कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरू, अभिभावक, अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरूको उपस्थिति रहेको थियो ।

## कात्तिक महिनामा विभिन्न पत्रपत्रिकामा प्रकाशन भएका अपाङ्गता सम्बन्धी लेख/समाचारहरू

